म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २९८ शनिबार २६ जेठ २०८१ ने. सं. ११४४ तछलाथ्व 8 June 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मनहरीमा गाडीको ठक्करबाट एक जनाको मृत्यु

हेटौंडा, २५ जेठ/मकवानपुरको पश्चिमीक्षेत्र मनहरी गाउँपालिका-९ रजैयामा भारतीय नम्बरको ग्यास बुलेट गाडीको ठक्करबाट मोटरसाइकलमा सवार एक महिलाको मृत्यु भएको छ । पूर्व-पश्चिम राजमार्ग अन्तर्गत चितवनबाट हेटौंडातर्फ आउँदै गरेको एएस-२५ डीसी ०२११ नम्बरको बुलेटले बिपरित दिशाबाट आउँदै गरेको ग ७ प २३०४ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल पछाडि सवार कास्की पोखरा–११ की ३३ वर्षीया निर्मला अधिकारी घाइते भएकी थिइन् । उनको उपचारका क्रममा हेटौंडास्थित चुरेहिल अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता डीएसपी लक्ष्मी भण्डारीले जानकारी दिए । गाडीको ठक्करबाट मोटरसाइकल चालक सुवास गुरुङ घाइते भएका छन् । उनको उपचार चुरेहिल अस्पतालमा भइरहेको छ । गाडीचालक बिहारका ३७ वर्षीय मनीन्द्रकुमार दास इलाका प्रहरी कार्यालय, मनहरीको नियन्त्रणमा रहेको प्रहरीले जानकारी दिएको छ ।

# प्रदेश सरकारको बजेट: योजना माग अत्यधिक, स्रोत सीमित

साझाकुरा संवाददाता

हेटौंडा, २५ जेठ/ बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट निर्माणको धमाधम भइरहेको बताइएको छ । जेठ मसान्तमा प्रदेश सरकारको बजेट पेस हुने संवैधानिक व्यवस्थाअनुरुप प्रदेश सरकारले बजेट निर्माणको प्रक्रिया तीव्ररुपमा गरिरहेको हो ।

बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि करिब ५५ देखि ६० अर्बको हाराहारीमा बजेट ल्याउने तयारी गरेको छ । चालु आवका लागि ६२ अर्ब ७० करोड ९० लाख बराबरको बजेट ल्याएको प्रदेश सरकारको बजेट आगामी आर्थिक वर्षमा करिब ७ देखि ८ अर्ब घट्ने सम्भावना रहेको मन्त्रालयले जनाएको छ । प्रदेश सरकारले चालु आवका लागि चालुतर्फ २६ अर्ब ७० करोड २७ लाख ६९ हजार रुपैयाँ, पुँजीगततर्फ ३५ अर्ब ५० करोड ६३ लाख ९ हजार रुपैयाँ र वित्तीय व्यवस्थातर्फ ५० करोड विनियोजन गरेको थियो । प्रदेश सरकारको आन्तरिक आय र संघीय अनुदान बापतको रकम समेत कटौती भएसँगै बजेटको आकार घट्ने सम्भावना देखिएको हो ।

कर, दस्तुर र संघीय सरकारको अनुदान कटौती भएकाले आगामी आर्थिक वर्षको बजेट पनि घट्ने सम्भावना देखिएको छ । बजेट घट्ने भएपछि आर्थिक मामिला मन्त्रालयले सबै मन्त्रालयलाई बजेटको सिलिङ पठाउँदा करिब १० प्रतिशत बजेट सिलिङ घटाएर पठाएको जनाइएको छ । बागमती सरकारले आगामी आर्थिक वर्षका लागि ल्याउने बजेट परम्परागत शैली भन्दा फरक रुपमा नागरिकमैत्री बजेट ल्याउने जनाएको छ ।

आमनागरिकको आवश्यकता पूर्ति गर्न जनताका जीवनस्तरसँग जोड्ने कार्यक्रम आगामी वर्षको बजेटमा समावेश हुने छ । सरकारले उत्पादन र उत्पादकत्व वृद्धि, आर्थिक उपार्जन, उद्यमशीलता विकास, रोजगारी र सीपजस्ता क्षेत्रलाई बजेटको प्राथमिकतामा राखेको बताइएको छ । आर्थिक मामिला तथा योजना मन्त्री जगन्नाथ थपलियाले बजेट सन्तुलित र समानुपातिक ढंगमा विनियोजन गर्ने बताएका छन् । बजेट खर्चलाई बढी न्यायोचित र दीर्घकालीन प्रभाव पार्ने गरी अगाडि बढ्ने मन्त्री थपलियाको भनाइ छ ।

नागरिकबाट प्राप्त सुझावलाई प्राथमिकता दिँदै आगामी आर्थिक वर्षको बजेट तयार हुने बताइएको भएपनि यतिबेला मन्धालयमा योजना माग गर्नेहरुको भीड लागेको छ । नीति तथा कार्यक्रम प्रदेशसभाबाट पारित भएसँगै प्रदेश सरकारले असार १ गते आगामी आवको बजेट ल्याउन लागेको हो । प्रदेश सरकारको आयस्तरलाई अधिकतम प्रयोग गरी बजेट निर्माण भइरहेको आर्थिक मामिला तथा योजनामन्त्री थपलियाले बताएका छन् । आर्थिक तरलता, न्यून आन्तरिक आय र संघीय सरकारबाट प्राप्त हुने अनुदान रकम कटौती भएकाले चालु आवकै हाराहारीमा बजेट ल्याउने तयारी भइरहेको मन्त्री थपलियाले बताए ।

बागमती सरकारले चालु आवका लागि ६२ अर्ब ७० करोड ९० लाख ७८ हजार रुपैयाँ बजेट विनियोजन गरेको थियो । चालु आर्थिक वर्षको ९ महिनासम्म लक्ष्यको आधा भन्दा कम राजश्व उठेपछि बागमती प्रदेशको आर्थिक मामिला तथा कानुन मन्त्रालयले आर्थिक वर्ष २०८१/८२ का लागि बजेट सीमा (सिलिङ) करिब १० प्रतिशतले घटाएको बताइएको छ ।

बागमती प्रदेशमा चालु आर्थिक वर्ष २०८०/८१ को ९ महिनामा कुल लक्ष्यको ४१ दशमलव ४३ प्रतिशत मात्रै राजश्व उठेपछि चालु आवको तुलनमा आगामी आवमा बजेट सिलिङ १० प्रतिशतले घटाउन बाध्य भएको हो । प्रदेश सरकारले चैत मसान्तसम्म २५ अर्ब ९८ करोड ३१ लाख रुपैयाँ मात्रै आम्दानी गरेको छ । बाँडफाँटबाट प्राप्त हुने विभिन्न कर, दस्तुर र संघीय सरकारबाट प्राप्त हुने विभिन्न अनुदान घटेर आएपछि आगामी बजेट पनि घट्ने सम्भावना देखिएको मन्त्रालयले जनाएको छ ।

योजना माग अत्यधिक रहेको र बजेटको स्रोत सीमित रहेका कारण माग भएका सबै योजना आगामी आवका लागि समाबेश गर्न सकिने सम्भावना नरहेको अधिकारीहरुले बताएका छन् । सबैलाई आफ्नो योजना समाबेश गराउन पाए हुने भन्ने लागेको भएपनि स्रोत सीमित भएका कारण समस्या देखिएको बताइएको छ । बागमतीका १२ वटै मन्त्रालय र मातहतका निकायलाई आर्थिक मामिला तथा योजना मन्त्रालयले १३ वैशाखमा बजेट सिलिङ पठाएको थियो ।

'सबै मन्त्रायलाई सिलिङ पठाइसक्यौं । बजेट सिलिङ समग्रमा करिब १० प्रतिशतले घटेको छ,' मन्त्रालयका प्रवक्ता एबम् उपसचिव लक्ष्मी रिमालले साझाकुरासँग भने । उनकाअनुसार चालूमा भन्दा पुँजीगत बजेट घटेको हो । 'चालू बजेट घटाउनै मिलेन, घटे पनि १/२ प्रतिशत मात्रै हो । अनिवार्य दायित्व पनि हुन्छ । चालू घटाएर कार्यालय सञ्चालन, कर्मचारीको तलबभत्ता कसरी व्यवस्थापन गर्नु ? धेरै दवाब पुँजीगत बजेटमै पर्छ,' रिमालले भने ।

चालु आवमा कुल बजेटको अनुमानमध्ये बाँडफाँटबाट प्राप्त हुने राजस्वको अनुमानित हिस्सा २६ अर्ब ६८ करोड ६८ लाख ४० हजार रुपैयाँ थियो । चैत मसान्तसम्म १४ अर्ब ३९ करोड ३९ लाख रुपैयाँ राजस्व बाँडफाँटबाट प्राप्त भएको छ । बाँडफाँटबाट प्राप्त हुने सवारी कर अनुमानको ६८ दशमलव ३१ प्रतिशत प्राप्त भइसकेको मन्त्रालयले जानकारी दिएको छ ।

प्रदेश सरकारले आफ्नो स्रोतबाट ३ अर्ब ७५ करोड ५२ लाख रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखेकोमा चैतसम्म २ अर्ब ६७ करोड ४७ लाख अर्थात लक्ष्यको ७१ दशमलव २३ प्रतिशत संकलन गरेको छ । बागमती सरकारले चालू आवमा ६२ अर्ब ७० करोड ९० लाख ७८ हजार रुपैयाँको बजेट ल्याएको थियो । जसमा चालूतर्फ २६ अर्ब ७० करोड २७ लाख ६९ हजार, पुँजीगततर्फ ३५ अर्ब ५० करोड ६३ लाख ९ हजार र वित्तीय व्यवस्थातर्फ ५० करोड रुपैयाँ विनियोजन गरिएको थियो ।

सरकारले खर्च बेहोर्ने स्रोतमध्ये कर राजस्वतर्फ २५ अर्ब १७ करोड २६ लाख र अन्य राजस्वबाट ५ अर्ब २६ करोड ९४ लाख, सैीय वित्तीय हस्तान्तरणबाट १७ अर्ब ८१ करोड २३ लाख, चालू आर्थिक वर्षको अनुमानित सञ्चित कोषको बचत र अन्य प्राप्तिबाट १४ अर्ब ४५ करोड ४७ लाख रुपैयाँ बेहोर्ने अनुमान गरेको थियो । संघीय सरकारबाट प्राप्त हुने अनुदान तेस्रो किस्तामा करिव डेढ अर्ब र चौथो किस्तामा २ अर्ब घटेर आएको स्रोतले जानकारी दियो । प्रदेशबाट स्थानीय तहलाई जाने अनुदानमा भने नघटाएको मन्त्रालयले जनाएको छ ।

## निजी क्षेत्रसँग सहकार्य हुने प्रजिअ चिलुवालको प्रतिबद्धता

साझाकुरा संवाददाता

हेटौंडा, २५ जेठ/ मकवानपुर उद्योग वाणिज्य संघले आयोजना गरेको एक कार्यक्रममा नवआगन्तुक प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवालले निजीक्षेत्रसँग असल व्यवसाय अभ्यास र शान्तिसुरक्षा कायम गर्न निजीक्षेत्रसँग सहकार्य गर्ने बताएका छन् । मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ताको अध्यक्षतामा शुक्रबार भएको कार्यक्रममा संघका पूर्वअध्यक्ष केशव श्रेष्ठ, संघका पदाधिकारी, कार्यसमिति सदस्यलगायतको उपस्थिति रहेको थियो ।

मउवासंघका अध्यक्ष गुप्ताले संघको संस्थागत तथा सामाजिक गतिविधि, व्यवसायिक वातावरण र मकवानपुरका समसामयिक विषयबारे प्रजिअ चिलुवाललाई जानकारी गराएका थिए । मउवासंघका सल्लाहकार अशोक शाक्यले हेटौंडाको ट्राफिक व्यवस्थापन प्रभावकारी बनाउनुपर्ने र राष्ट्रिय परिचयपत्रको लागि जिल्ला प्रशासन कार्यालयमा हुने चापलाई मध्यनजर गरी थप कर्मचारी प्रयोग गरेर भएपनि सहज गराउनुपर्ने बताए ।

संघका पूर्वअध्यक्ष उत्तम शर्मा ढकालले हेटौंडाको स्वास्थ्यक्षेत्र पहिलेको भन्दा स्तरीय भएपनि पूर्णरुपमा सेवा सुविधा सम्पन्न नभएको र चोरीका घटना बढ्न थालेकाले निगरानी बढाउन आवश्यक रहेको बताएका थिए । संघका निवर्तमान अध्यक्ष तथा वर्तमान केन्द्रीय सदस्य कृष्ण कटुवालले हेटौंडाको शिक्षाक्षेत्र सुदृढ हुँदै गएको, सडकसञ्जाल विस्तार हुँदै गएको, कुलेखानी हाइड्रोअन्तर्गत तीन फेजबाट विद्युत उत्पादन भइरहेको, जाडो र गार्मी दुवै समयमा हावापानी सन्तुलित रहेको, मन्दीबाट उद्योगी/व्यवसायीलाई परिरहेको आर्थिक बोझलाई राहत दिन बैंकलगायत सरोकारवाला निकायबीच छलफल आवश्यक रहेको जस्ता भनाइ राखेका थिए ।

संघका कोषाध्यक्ष सन्तोषकुमार अर्यालले रात्रिकालीन बजार संचालन गर्न प्रदेश सरकार समेत सकारात्मक रहेकाले प्रमुख जिल्ला अधिकारीले सहजिकरण गरि दिनु पर्ने र भन्सारछली सामान आउने गरेकाले नियन्त्रण गर्नुपर्ने बताए । संघका वरिष्ठ उपाध्यक्ष अनिल अग्रवालले विवाहको कार्ड देखाइ रक्सौलबाट लाखौंको सामान सर्वसाधारणले ल्याउने गरेकाले नियमन गर्नुपर्ने बताएका थिए । कार्यक्रममा संघका उपाध्यक्ष उज्वल चौलागाई, महासचिव दीपक उप्रेतीलगायतले आफ्ना भनाइ राखेका थिए ।

प्रजिअ चिलुवालले निजीक्षेत्रले राज्यलाई ८५ प्रतिशत रेभेन्यू योगदान गरिरहेको, निजीक्षेत्रले उत्पादन, आयात र बिक्रीवितरणमार्फत् जनताको आवश्यक्ता पूरा गरेर राज्यलाई मद्दत गरेको, विश्वव्यापी मन्दीको असरको समाधानको लागि बजेट र राज्यको नीतिमार्फत् सहयोग पुऱ्याउनुपर्ने, कृषि क्षेत्रबाट आवश्यक प्रगति हुननसकेको, रात्रिकालीन बजार संचालन गर्न आफू सकारात्मक रहेको, अवाञ्छित गतिविधि निरुत्साहित गर्ने र त्यस्ता गतिविधि भए खबर गरेर सघाउनुपर्ने, ऋसरलाई नियमन, व्यवस्थित गरी संचालन गर्नुपर्ने लगायतका धारणा राखेका थिए ।

## ठूला आयोजनाको जिम्मा प्रदेश सरकारले लिन्छ: मुख्यमन्त्री जम्कट्टेल



साझाकुरा संवाददाता

हेटौंडा, २५ जेठ/ बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले साना योजना पालिकाले कार्यान्वयन गर्ने र ठूला आयोजना प्रदेश सरकारले जिम्मा लिने बताएका छन् ।

काभ्रेपलाञ्चोकको खानीखोला गाउँपालिकास्थित तालढुंगामा आयोजना गरिएको जनमुक्तिमार्ग-तालढुंगा-सिक्रेदोभान-झुरझुरे सडकखण्ड आयोजना तथा खानीखोला गाउँपालिकाको प्रशासनिक भवन शिलान्यास र पालिकाको व्यवस्थापनमा शुक्रबारबाट सञ्चालनमा ल्याएको स्थानीय उत्पादन खरिदबिक्री केन्द्रको उद्घाटनका अवसरमा उनले प्रदेशको विकासमा सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

मुख्यमन्त्री जम्कट्टेलले विगतमा छुटेका तालढुंगा करिडोर र पालिकास्तरीय आधारभूत अस्पतालका लागि आगामी आर्थिक वर्षमा सम्बोधन गर्ने जानकारी दिए । डाँडापारिको तालढुंगालाई बनेपा र धुलिखेलसँग जोड्ने मुख्य सडक तालढुंगा-खोपासी सडकका लागि यसै वर्षबाट बजेट व्यवस्थापन गरी अगाडि बढाउने उनको भनाइ छ । संघीय सरकारले प्रदेश सरकारलाई सुम्पेको करिब तीन सयभन्दा बढी सडकको गुरुयोजना प्रदेश सरकारले बनाइसकेकाले अब ती सबै आयोजनाको काम निरन्तर अगाडि बढ्ने उनको भनाइ थियो ।

मुख्यमन्त्री जम्कट्टेलले परिवर्तनका लागि जनमुक्ति सेनाले ज्यानको बाजी लगाएर लडेर ल्याएको व्यवस्थालाई स्थापित गर्नका लागि हिजोको गौरवपूर्ण क्रान्ति र जनमुक्ति सेनासँग जोडिएको मार्गका रुपमा लिएर काम अगाडि बढाइरहेको बताए । बीपी राजमार्गदेखि महाभारत हुँदै मदनभण्डारी राजमार्ग जोड्ने सडकका रुपमा जनमुक्ति मार्ग निर्माण भएको मुख्यमन्त्री जम्कट्टेलले बताए । उनले पूर्वाधार विकासका सबै काम प्रदेश सरकारले जिम्मा लिने भएकाले अब स्थानीय सरकार कृषि उत्पादन र प्राविधिक शिक्षालाई अगाडि बढाउनका लागि योजना बनाउनतर्फ लाग्नुपर्ने धारणा व्यक्त गरे ।

खानीखोला गाउँपालिका अध्यक्ष इन्द्रबहादुर थिङले नागरिकलाई विकासको अनुभव हुनेगरी प्रदेश सरकारले बजेट बिनियोजन गर्नुपर्नेमा जोड दिए । यहाँका नागरिकको दैनिक जीवनसँग जोड्ने आवश्यक उपभोग्य सामग्रीको व्यवस्थापनदेखि प्रशासनिक कामका लागि बनेपा धुलिखेल जोड्ने सडक सञ्जाल टुट्ने र हेटौंडा जोड्ने बाटो सिक्रेदोभानमा बागमती खोलाले छेक्ने भएपछि समस्या झेल्नुपरेको बताउँदै अब जनमुक्तिमार्ग र खोपासी-तालढुंगा सडकखण्ड पक्की बनेपछि सहजता हुने अपेक्षा व्यक्त गरे ।

## विपद् प्रतिकार्यका लागि अभ्यास

साझाकुरा संवाददाता

हेटौंडा, २५ जेठ/ हेटौंडामा प्रदेशस्तरीय विपद् प्रतिकार्यका लागि हातेमालो-६ नामक कृतिम अभ्यास गरिएको छ । हेटौंडा उपमहानगरपालिका-८ स्थित बन्द अवस्थामा रहेको हेटौंडा कपडा उद्योग परिसरको क्षेत्रमा भुकम्प र आगलागीसम्बन्धी कृतिम घटना घटाएर अभ्यास गरिएको हो ।

नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, स्काउट, रेडक्रस, हेटौंडा उपमहानगरपालिकाको वारुणयन्त्र टिमले संयुक्त रुपमा भुकम्प र आगोलागीको कृत्रिम अभ्यास गरेका थिए । उनीहरुले सम्भावित दुर्घटना, खोज, सुरक्षित उद्दार प्रक्रिया, प्राथमिक उपचार, जनप्रतिनिधि तथा सरोकारवाला निकायको भूमिकाका बारेमा डेमो मार्फत् नाटकीय रुपमा प्रस्तुत गरेका थिए ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयको आयोजनामा भएको कृत्रिम अभ्यासमा डेमो मार्फत् विपद् पछिको अवस्था, एकद्धार प्रणालीबाट राहत वितरण र पुनर्स्थापनाका प्रक्रियाको बारेमा जानकारी गराइएको थियो । कार्यक्रममा आन्तरिक मामिला तथा कानुन मन्त्री गंगानारायण श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवाल, बागमती प्रदेशका तीनवटै सुरक्षा निकायका प्रमुखलगायतले मन्तव्य राखेका थिए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

लोक सेवा आयोग
बागमती प्रदेश तह ५ को पत्रको तयारी कक्षा
सेना तथा प्रहरी तर्फको विभिन्न तहको तयारी कक्षा
शिक्षक सेवा
बैंकिङ कक्षा तयारी
खरिदार
नेपाल विद्युत प्राधिकरण
नायब सुब्बा
नेपाल टेलिकम तह ४
अनुसन्धान सहायक सूचक
नेपाल प्रहरी जवानको लिखित, नयाँ तयारी कक्षा
☛ शान्त तथा स्वच्छ वातावरण ☛ हरेक हप्ता Model Test
☛ दक्ष तथा अनुभवी शिक्षक ☛ Handsout को व्यवस्था
आफ्नो सिट सुरक्षित गर्न तुरुन्त सम्पर्क गर्नुहोला ।
Elite Aimers Institute
Hetauda-4, Parijathpath, (Infront of Hetauda Campus)
Contact No.: 057-590096, 9855057021,9804219546, 9855078775

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरू:
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय: सितलमहल चोकबाट ॐ हल जाने बाटोमा
प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# जसले अन्तरिक्षमा १००० दिन बिताए, बन्यो विश्व कीर्तिमान

रुसी अन्तरिक्षयात्री ओलेग कोनोनेंको अन्तरिक्षमा कुल १००० दिन बिताउने विश्वकै पहिलो व्यक्ति बनेका छन् । रुसको अन्तरिक्ष एजेन्सी रस्कोमसले ओलेग अन्तरिक्षमा १००० दिन बिताउने पहिलो व्यक्ति भएको घोषणा गरेको हो ।

५९ वर्षीय ओलेगले आफ्नो पाँचौं अन्तरिक्ष यात्रामा १००० दिनको कोशेढुंगा पार गरेका हुन् । उनी अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनमा तेस्रोपटक कमान्डरको रुपमा रहेका छन् । ओलेगले यसअघि सबैभन्दा लामो समयसम्म अन्तरिक्षमा बिताउने रुसकै अर्का अन्तरिक्षयात्री गेनाडी पेडाल्काको कीर्तिमान गत फेब्रुअरीमै भंग गरेका थिए । पेडाल्काले अन्तरिक्षमा कुल ८७८ दिन बिताएका थिए ।

हाल स्पेस स्टेशनमा रहेका ओलेगको स्पेस स्टेशनको पछिल्लो यात्रा गत सेप्टेम्बर १५ मा सुरु भएको थियो । उनी सोयुज एमएस २४ अन्तरिक्षयात्रमार्फत् स्पेश स्टेशनमा गएका थिए ।

उनीसँगै अन्य दुई अन्तरिक्षयात्रीहरू रुसका निकोलाई शुब र अमेरिकी लोरल ओहारा पनि स्पेश स्टेशनमा गएका थिए । आगामी सेप्टेम्बर २३, २०२४ मा ओलेग र अमेरिकी अन्तरिक्षयात्री ट्रेसी डाइसन पृथ्वीमा फर्किने कार्यक्रम छ । योसँगै ओलेगले अन्तरिक्षमा कुल १ हजार ११० दिन बिताउने छन् ।

ओलेगले सन् २००८ को अप्रिलमा Expedition 17 मार्फत् स्पेश स्टेशनमा गएर आफ्नो अन्तरिक्षयात्रा सुरु गरेका थिए । हालसम्म उनी स्पेश स्टेशनका विभिन्न ५ वटा अन्तरिक्ष मिसनमा सहभागी भएका छन् । नासाको ट्रान्सलेसनल रिसर्च इन्स्टिच्यूट फर स्पेस हेल्थका पूर्वप्रमुख इम्यानुएल उरुकिताले ओलेग एक विशेष व्यक्ति भएको र उनले गरेको काम कोशेढुंगा सावित भएको बताएका छन् ।

उरुकिताले अन्तरिक्षमा बसेर फर्किएका अन्तरिक्षयात्रीहरुको शरीरको अध्ययन गरिरहेका छन् । यसबाट उनले यी यी विषयमा जानकारी हासिल गर्ने प्रयास गर्दछन् । जस्तै, पृथ्वीभन्दा निकै टाढा रहँदा सरीरमा सञ्चारको कत्तिको असर पर्दछ ? विकिरणको प्रभाव के हुन्छ ? एक्लो तथा बन्द ठाउँमा रहँदा शरीर तथा मनमा के असर पर्दछ ? अनि गुरुत्वाकर्षणको असर तथा बन्द पर्यावरणमा रहँदा शरीरमा पर्ने प्रभावको अध्ययन ।

उरुकिताका अनुसार कीर्तिमानी अन्तरिक्षयात्री ओलेग पृथ्वीमा फर्किएसँगै उनमा हुने परीक्षणबाट विभिन्न नयाँ कुरहरु पत्ता लाग्नेछन् । किनकि उनले सबैभन्दा धेरै दिन अन्तरिक्षमा बिताइसकेका छन् । हुनत उनले अन्तरिक्षमा लगातार एकैपटकमा १ हजार दिन बिताएका होइनन् । तर, पटक-पटक गरेर भएतापनि यति लामो समय अन्तरिक्षमा बिताउँदा त्यसले पक्कै पनि उनको शरीर र मनमा पनि असर परेको हुन्छ।

**स्वास्थ्य**

# गर्भनिरोधका लागि पुरूषले कस्तो उपाय अपनाउन सक्छन् ?



महिलाले प्रयोग गर्ने गर्भनिरोधक उपायको बारेमा त धेरैले सुनिरहेका हुन सक्छन् । तर गर्भ निरोधका लागि पुरुषले प्रयोग गर्ने उपाय धेरैको लागि नौलो विषय हुन सक्छ । पुरुषले पनि गर्भनिरोधक उपाय अपनाउन सक्छन् । तर कस्तो अवस्थामा र कसरी पुरुषले गर्भनिरोधक उपाय अपनाउने ? वा कस्ता कस्ता उपायहरू बजारमा पाइन्छ ? यसबारेमा तल केही जिज्ञासा मेट्ने कोसिस गरिएको छ ।

**केवल ३० मिनेटको सजिलो प्रक्रिया**

यो विधि सुरक्षित र सजिलो छ । यसमा केवल ३० मिनेटमा गर्भनिरोध सम्बन्धी सबै काम सम्पन्न गरिन्छ । नसबन्दी गरेपछि शुक्राणुले महिलाको योनीसम्म पुग्न दिँदैन । यस प्रक्रियामा शुक्रकीट बहने नली ब्लक गर्ने गरिन्छ । जसले शुक्राणुलाई अण्डकोषबाट मूत्रमार्गसम्म पुऱ्याउँछ ।

**थप बच्चाको आवश्यकता छैन भने उपयुक्त**

यो विकल्प छनौट गर्नुहोस् यदि तपाईंको परिवार पूरा भएको छ वा तपाईं अरू बच्चा चाहनुहुन्न। जहाँसम्म कि यदि उन्नत प्रविधिको सहयोगमा यसरी नसबन्दी पछि पनि बच्चा आवश्यक भयो भने ट्युबलाई पुन: सुरू गर्न सकिन्छ । तर यो प्रक्रिया सधैं सफल हुँदैन, त्यसैले सन्तानको पर्याप्ततापछि मात्रै यो प्रविधि प्रयोग गर्न सकिन्छ । यो विधि महिलाको नसबन्दीभन्दा कम खर्चिलो विकल्प हो । भारतका विभिन्न सहरहरूमा यस्ता उपायहरू धेरैले अपनाउने गरेका छन् ।

**भ्रमका कारण छनौट गर्दैनन् सजिला विकल्पहरू**

पुरुष नसबंदीको सम्बन्धमा धेरै अलमल रहेको पाइन्छ । जसमध्ये एउटा यो विकल्पले प्रोस्टेट क्यान्सरको जोखिम पनि बढाउँछ भन्ने तर्क पनि रहेको पाइन्छ । जबकि चिकित्सकहरू यस विधिको टेस्टिकुलर क्यान्सरसँग कुनै सरोकार नरहेको बताउँछन् । यो विधि पुरुषहरूको लागि पूर्ण सुरक्षित मानिन्छ । केही व्यक्तिहरू यो सोच्दछन् कि यो एक शक्तिशाली र सजिलो विधि हो । यस प्रक्रिया पछि हल्का दुखाइ महसुस हुन्छ तर यो सामान्य हो । यो दुखाइ बिस्तारै आफैँमा हट्नेछ । केही दिनमा तपाईं सामान्य हुनुहुन्छ तर डाक्टरहरू नसबन्द गरेका व्यक्तिलाई १५ दिनसम्म कुनै पनि भारी बोक्न निषेध गर्छन् । त्यहाँ एक भ्रम पनि रहेको पाइन्छ कि एउटा पुरुष नसबन्दी हुनुले वैवाहिक जीवनलाई असर गर्छ भन्ने । तर यसमा पनि कुनै सत्यता नरहेको चिकित्सकहरू बताउँछन् । यो केवल गर्भनिरोधको विकल्प मात्रै हो ।

**पुरूष नसबन्दीको साइड इफेक्ट**

पुरुष नसबन्दीले शरीरमा कुनै साइड इफेक्ट हुँदैन । तर यो कुरा ध्यानमा राख्नुपर्छ कि यो केवल एक गर्भनिरोधक विकल्प मात्र हो, त्यसैले यसले एड्स, सिफलिस जस्ता रोगबाट सुरक्षा प्रदान गर्दैन । यस्तो सुरक्षाको लागि तपाईंले अन्य विकल्पहरू छनौट गर्नुपर्ने हुन्छ । अर्को समस्याको कुरा यो हो कि यसपछि तपाईं भविष्यमा बच्चाको योजना गर्न सक्नुहुन्न । त्यसकारण तपाईंले यसबारेमा राम्रोसँग सोचविचार गरेर निर्णय लिनुपर्छ ।

**पुरूष नसबन्दीको फाइदाहरू**

१. यो विधि सस्तो र सजिलो समाधान हो । ती जोडी जो आफ्नो परिवारको योजना पूरा गरेर बसेका छन् । यो उनीहरूको लागि उपयुक्त विधि हो ।
२. यसले शरीरको कुनै पनि भागमा नकारात्मक प्रभाव पार्दैन । बान्ता वा गम्भीर दुखाइ जस्ता चीजहरू यस प्रक्रियामा देखा पर्दैन ।
३. यो विकल्प अपनाएर तपाईंले आफ्नो विवाहित जीवन अझ राम्रो बनाउन सक्नुहुन्छ ।
४. यो विधि अपनाएपछि शरीरको अंगमा कुनै रक्तस्राव हुँदैन ।
५. अनप्लान गर्भावस्थाबाट बच्नको लागि एक सुरक्षित विकल्प हो । धेरैचोटि दम्पतीहरूले गर्भावस्थाको योजना गर्दैनन्, जसका कारण उनीहरूले कष्ट भोग्नुपर्छ, यसबाट बच्नको लागि पुरुष नसबन्दी अपनाउन सकिन्छ ।
६. यो स्थायी विकल्प हो, त्यसैले तपाई यस पछि गर्भावस्थाको बारेमा चिन्ता लिनु हुँदैन ।

# नग्न योग किन गरिन्छ ?

युगल योग, हट योग पछि, न्युड योग वा नग्न योग लोकप्रिय भइरहेको छ । यसको लोकप्रियता बढ्दै गइरहेको छ । नग्न योग एक अवस्था हो जहाँ एक व्यक्तिले आफ्नो कपडा निकालेर योग गर्ने गर्छन् ।

यो योग अमेरिका, क्यानडा, फ्रान्स, स्पेन, अष्ट्रेलिया, आदि जस्ता देशहरूमा यो योग झनै बढी प्रचलनमा छ । फिटनेसको हिसाबले यसका धेरै फाइदाहरू छन् । नग्न योग अहिले आम सेलिब्रेटीहरूले अपनाउने गरेका छन् । भारतमा पनि मानिसहरू यसलाई बन्द कोठामा खुल्लमखुल्ला अभ्यास गर्ने गर्छन् । हलिवुडका धेरै अनुभवी अभिनेत्रीहरू यो योग गर्छन् । नग्न योगका केही फाइदाजनक कुराहरू हुन्छन् ।

**शरीर, आत्मा, दिमागको राम्रो संयोजन**

जसले नग्न योगलाई असहज महसुस गर्दैनन् त्यो अवस्थामा पुगेपछि मान्छेले आफूले आफैँलाई अरूभन्दा फरक देख्न थाल्छ । उसको दिमाग शान्त रहन्छ र शरीर र आत्मा पनि उत्तम अवस्थामा पुग्छ । यदि तपाईंमा डिप्रेसन वा तनावको समस्या छ भने त्यस्तो अवस्थामा आफैँलाई एउटा कोठामा बन्द गर्नुहोस् र नग्न योगको अभ्यास सुरू गर्नुहोस् ।

एक शोधले पत्ता लगाएको छ कि नग्न योग गर्ने मान्छेले आफूलाई स्वतन्त्र महसुस गर्छन् । तपाईंको मानसिक विकास तब मात्र सम्भव छ जब तपाईंको आत्माले तपाईंको शरीर र दिमागलाई बुझ्न सक्छ ।

**सुधारिएको शरीर आसन**

त्यहाँ धेरै आसनहरू छन् जसमा उचित आसन वस्त्र लगाएर योग गर्ने गरिन्छ । यदि तपाईं नग्न हुनुहुन्छ भने तपाईंले अझ राम्रो फाइदा पाउनुहुनेछ । नग्न अवस्थामा, तपाईंले आफ्नो शरीरलाई आफ्नो इच्छा अनुसार ढाल्न सक्नुहुन्छ । यसमा कुनै कठिनाइ हुँदैन ।

**आत्मविश्वास बढाउन**

नग्न योग गर्दा तपाईं आफूले आफैँलाई पूर्ण रूपमा आरामको अवस्थामा पाउनु हुनेछ । यसो गर्दा तपाईंमा आत्मविश्वास पनि बढ्छ र सकारात्मकता भावको विकास पनि हुन्छ । नियमित यस्तो अभ्यास गर्दा तपाईंमा चिन्ता, थकान र डिप्रेसन जस्ता मबै समस्याहरू हटेर जान्छ । तपाईं आफैँलाई राम्ररी बुझ्न थाल्नुहुनेछ र आफैँलाई पनि स्वीकार्न सक्नुहुनेछ ।

**सुन्दरतामा निखार**

नग्न योग प्रशिक्षकहरू विश्वास गर्छन् कि नग्न योग गर्दा छालामा सुधार हुन्छ । यस योगको साथ तपाईंको शरीरको आकार पनि राम्रो हुन थाल्छ । यो योगको नियमित अभ्यासको साथ तनाव र उदासीनताबाट छुटकारा पाउन र एक राम्रो मुडको साथ सौन्दर्यमा सुधार ल्याउन समेत यसले सहयोग गर्छ ।

**कसरी गर्ने नग्न योग**

नग्न योग प्रदर्शन गर्नुअघि आफैँलाई मानसिक रुपमा तयार राख्नुपर्छ । यसले तपाईंलाई अप्ठ्यारो महसुस हुन सक्छ । त्यसबाट जोगिनुपर्छ । नग्न योग आफ्नो घरमा ढोका थुनेर एक्लै बसेर पनि गर्न सकिन्छ । बिस्तारै यसको आसन बुझेर अघि बढ्दै जाँदा लाज पनि हराउँदै जान्छ । यदि तपाईं एक्लो योग गर्दै हुनुहुन्छ भने सोलो पोजमा रहनुहोस् । गलत आसनले पनि क्षति निम्त्याउन सक्छ । नग्न योग गर्नुअघि, म्याट फैलाउनुहोस् र नुहाएपछि मात्र यो योग गर्न सुरु गर्नुहोस् । यो शारीरिक तथा मानसिक लाभ हाँसिल हुनेछ । नग्न योग वास्तवमा शरीर र दिमागका लागि राम्रो मानिन्छ । यो हाथायोगिसको उपहार हो । यस लेखमा वा प्रशिक्षकको सल्लाहमा दिइएका तरिकाहरू अपनाएर नग्न योग गर्नुहोस् ।

**साहित्य**

कथा

# जब मिटरब्याजी धनुकलालका छोरा भिक्षु बने

✍रमेश शाह

गाउँको बिचमा साहु धनुकलालको विशाल महल छ । महलको फलामे गेटमा २४सै घन्टा सुरक्षाकर्मी बसेका हुन्छन् । महलको प्राङ्गणमा दुईवटा गाडी छन् । महलको भुइँतला एक खालको कार्यालयजस्तो छह जहाँ दिनभरि लेनदेनका तमसुक, राजीनामा पास, दृष्टिबन्धक जस्ता कागजात तयार हुन्छन् । यो घर एउटा कचहरी हो, जहाँ दिनभरि ऋण तिर्ने वा ऋण लिनेहरूको भिड भइरहन्छ ।

धनुकलाल र चन्द्रमुखीका एक मात्र छोरा सिद्धार्थ कक्षा ८ मा अध्ययन गर्छन् । उनलाई ड्राइभरले स्कुलमा पुऱ्याउने र लिने जाने गर्छन् ।

एक दिन सिद्धार्थ स्कुलबाट फर्कंदा घरको गेटबाहिर मैलो साडी लगाएकी एउटी महिला बसिरहेको देखे । ती महिलाका करिब दुई वर्षीय छोराले भुइँमा बिछ्याइएको अखबार माथि भुजा(मुराइ) राखेर खाइरहेका थिए । महँगा चकलेट खाने, नयाँ र राम्रा लुगा लगाउने सिद्धार्थका लागि यो दृश्य विरक्तलाग्दो थियो । उनी गाडीबाट झरेर ती बालक भएतिर गए र आफ्नो ब्यागबाट एउटा बिस्कुटको प्याकेट निकालेर ती बच्चाको आमालाई दिएर भने, 'बौवा के खियादे ।'

सिद्धार्थका लागि घरमा आमाले नानाथरीका परिकार तयार गरेर राखेकी थिइन् । आज भने सिद्धार्थमा ती विभिन्न परिकारप्रति कुनै रुचि थिएन । छोराको उदास अनुहार देखेर आमाले सोधिन्, 'बाबु, के भयो ? बिरामी भयौ कि ?' उनले छोराको निधार छामिन् ।

सिद्धार्थ बोले, 'ममी कति दिनसम्म यस्तो गरिरहनुहुन्छ बुबाले ? अब हामीलाई नपुग्ने केही छैन । दुनियाँलाई चर्को ब्याजमा ऋण दियो अनि कतिको जग्गा-जमिन र घरबार खाइदियो ! धेरैको रुवाबासी भएको छ । मलाई यो सब ठिक लागिरहेको छैन । भगवान् बुद्धको उपदेशमा लेखिएको छ– यो संसारका सबै प्राणी मरणशील छन् । एक दिन हामी पनि मरेर जान्छौं, त्यति बेला यो अथाह सम्पत्ति के गर्नु आमा ?'

सिद्धार्थले यसअघि यस्ता कुरा गरेका थिएनन् अकस्मात उनले ज्ञानका कुरा गरेको सुनेर आमा असमञ्जसमा परिन् । तैपनि उनले छोरालाई सम्झाउन थालिन्, 'हेर बाबु, तिमी अहिले सानै छौ, धेरै ज्ञानको कुरा नगर । सम्पत्तिको महत्त्व कति हुन्छ भन्ने तिमीलाई थाहा छैन । हेर, पहिले हाम्रो पनि यस्तो अवस्था थियो, जति बेला पैसाको अभावमा हामी कैयौं रात भोकै सुतेका थियौं ।'

'ममी ! समय सधैं एकनास हुँदैन । दिनपछि रात र रातपछि दिन हुन्छ । तर त्यस्तो भयो भन्दैमा हामीले हाम्रो असल मार्ग बिर्सनु हुँदैन ।' यति भनेर सिद्धार्थले थोरै खाजा खाए, अनि आफ्नो कोठामा गए ।

२५ वर्ष अघिको कुरा हो, जति बेला धनुकलालले भर्खरै चन्द्रमुखीसँग विवाह गरेका थिए । त्यस समयमा उनीहरूको जीवन दयनीय थियो । धनुकलालले साहुको घरमा हलीको काम गर्थे । त्यही कामबाट आएको चामल, दाल, मकै, सागसब्जीले जीविका चलाउँथे । त्यसले पनि नपुगेर चन्द्रमुखीले छरछिमेकका घरमा काम गर्न जान्थिन् । बढी इमानदार भएका कारण उनीहरूलाई आर्थिक समस्या परिरहन्थ्यो ।

समय बदलियो, त्यसको केही वर्षमै धनुकलालले एक टुक्रा घडेरी किने । ६ महिना मात्र के बितेको थियो, त्यो जग्गाको मूल्य बढेर तीन गुना भयो । धनुकलालले तुरुन्तै त्यसलाई बेचेर त्यही पैसाले अर्को ठाउँमा अलि बढी जग्गा किने । नयाँ जग्गाको पनि केही समयमै मोल बढ्यो । अब धनुकलाल सबै काम छाडेर बिस्तारै जग्गा किन-बेचको कारोबारमा लागे । योसँगै उनले बैंक तथा सहकारीसँग ऋण लिन थाले र सर्वसाधारणलाई चर्को ब्याजमा ऋण दिन थाले ।

क्रमश: उनी समाजमा शक्तिशाली व्यापारीका रूपमा देखिएह नेता, मन्त्री, सांसद, प्रशासक सबैसँग उनको सम्पर्क हुन थाल्यो । सुरुमा उनीहरूको सन्तान भएको थिएन । उनीहरूलाई एक ज्योतिषीले भनेका थिए, 'तपाईंहरूको एउटा छोरो जन्मनेछ । जो धेरै ज्ञानी, धर्मात्मा र महापुरुष हुनेछ । यसका लागि तपाईंहरू एकपटक भगवान् बुद्धको शरणमा जानुस्, अर्थात् बुद्धको जन्मस्थल लुम्बिनीमा दर्शन गर्न जानुस् ।'

लुम्बिनी दर्शन गरेर आएको केही दिनभित्रै चन्द्रमुखी गर्भवती भइन् र वैशाख पूर्णिमा अर्थात् बुद्ध जयन्तीका दिन छोराको जन्म भयो । भगवान् बुद्धको आशीर्वाद सम्झेर उनीहरूले छोराको नाम सिद्धार्थ राखे । केही दिनअघि सिद्धार्थ नयाँ वर्ष मनाउनका लागि घरबाट निस्के । साँझ अबेरसम्म घर फर्केनन् । उनको घरमा शासक, प्रशासक र नेताहरूको भिड लागेको थियो । विभिन्न परिकार पाकेका थिए । पाहुनाहरू महँगा मदिरामा रमाइरहेका थिए । सबै पाहुना गएपछि मात्र सिद्धार्थ घर आइपुगे । टीभीमा समाचार हेरेर उनी छक्क परे । उनका गाउँका केही मानिस कैयौं दिन पैदल हिँडेर काठमाडौं पुगेको समाचारमा देखाइएको थियो ।

पैदलयात्रीमा बच्चासहितकी एउटी महिला पनि थिइन्, जसलाई उनले केही दिनअघि आफ्नो घरको गेटमा देखेका थिए । उनी टीभीमा बोल्दै थिइन्, 'धनुकलाल साहुसँग मेरो श्रीमानले चार वर्षअघि एक लाख रुपैयाँ सापटी लिएका थिए । पाँच लाख तिरिसक्दा पनि अझै ५ लाख तिर्न बाँकी रहेको हिसाब देखाएका छन् ।'

समाचार हेर्दाहेर्दै सिद्धार्थको आँखाबाट आँसुका धारा बग्न थाले । सिद्धार्थले जतातते ती महिलाका अबोध छोरालाई देख्न थाले, जसलाई उनले केही दिनअघि बिस्कुट दिएका थिए ।

भोलिपल्ट बिहान, अबेरसम्म सिद्धार्थ नउठेपछि चन्द्रमुखी ढोका ढकढकाउन गइन् । सिद्धार्थ कोठामा थिएनन् । घरका सबैजना उनको खोजीमा लागे । घरभित्र र घर वरपर उनी भेटिएनन्, त्यसपछि परिवारले प्रशासनमा खबर गऱ्यो । यस्तो घटना यसअघि भएको थिएन, घरका सबै आत्तिएका थिए । दिन बित्दै गयो, तर पुलिस प्रशासनले सिद्धार्थको अवस्था पत्ता लगाउन सकेको थिएन । आमा चन्द्रमुखी क्षण-क्षणमा मुर्छा पर्थिन् ।

अन्तत: आफ्नो जन्म दिनमा सिद्धार्थले आमालाई फोन गरे र भने, 'ममी ! म यही गाउँमै छु । मेरो स्कुल नजिक रहेको बौद्ध विहारमा मलाई भेट्न आउनू ।' आमा चन्द्रमुखीको खुसीको सीमा नै रहेन । उनले तुरुन्त सबै कुराको जानकारी धनुकलाललाई गराइन् । विभिन्न परिकार लिएर उनीहरू बौद्धविहार पुगे । बौद्ध विहारका पदाधिकारीले एक निश्चित स्थानमा धनुकलाल र चन्द्रमुखीलाई बस्न लगाए । बुद्ध जयन्ती भएकाले त्यहाँ ठुलो भिड लागेको थियो । चन्द्रमुखी र धनुकलालका आँखाले छोरा सिद्धार्थलाई खोजिरहेका थिए । उनीहरूले आफ्नो नजिक आउने जोसुकैलाई सिद्धार्थ कहाँ छ भनी सोधिहाल्थे ।

एक छिनपछि बौद्ध विहारका एक प्रतिनिधि आएर भने– अबको एकछिनमा भिक्षुहरूलाई भोजन गराउने कार्यक्रम छ, त्यहीं नै तपाईंहरूले छोरालाई भेट्न पाउनुहुन्छ ।

एकैछिनमा भिक्षुहरु भोजनका लागि बसे । चन्द्रमुखीले पनि आफूले ल्याएका भोजन भिक्षुहरूलाई बाँडिरहेकी थिइन् । छोराले पनि भिक्षुहरुलाई भोजन बाँड्दै होला भन्ने उनलाई लागेको थियो । त्यही बेला उनले अचानक 'ममी' भनेको सुनिन् । आफ्नै अगाडि उनले कपाल खौरेको र चीवर (वस्त्र) धारण गरेको छोरालाई देखिन् । एकछिन त चन्द्रमुखी अलमलमा परेकी थिइन्, नियालेर हेरेपछि छोरा नै भएको थाहा भयो । उनले छोरालाई अँगालेर रुन थालिन् ।

धनुकलाल पनि दौडँदै आइपुगे । छोराको रूप र पहिरन देखेर आमाबुबा दुवै भावुक भए । उनीहरूका हातखुट्टा कामिरहेका थिए । आमाबुवा दुवैले सिद्धार्थलाई घर जान आग्रह गरे । सिद्धार्थले बिस्तारै भने, 'आमाबुबा ! मेरो भाग्यमा यस्तै रहेछ । मलाई यो भौतिक सुख-सम्पत्तिले आनन्द दिन सकेन । त्यसैले म बुद्धको मार्गमा लागेँ । तपाईंहरूले दु:ख नमान्नुस्, घर जान आग्रह पनि नगर्नुस् । अबदेखि मेरो घर यही हो । अबदेखि मेरो बाटो अलग छ । यो संसारमा लोभी, पापी, स्वार्थीहरू धेरै छन्ह जो अर्कालाई दु:ख दिएर आफू मात्र रमाउन चान्छन् ।

यहाँ धन-सम्पत्तिका लागि हत्या-हिंसा भइरहेको छ, जसले हामीलाई शान्ति दिँदैन । भगवान् बुद्धले शान्तिको मार्ग अँगालेर सारा संसारलाई सत्यको मार्र्ग देखाए तर पनि आज सबैले सत्यलाई बिर्सेर गलत कर्ममा लागेका छन् । म पनि यो संसारमा फेरि एकपटक शान्तिको बिगुल फुक्न निस्केको छु, मलाई नरोक्नुस् ।

जुन दिन संसारका सबै मानिस लोभ, लालच, हत्या र हिंसाबाट मुक्त हुनेछन्ह त्यस दिन म अवश्य घर आइपुग्छु ।' यति भनेर सिद्धार्थले भोजन ग्रहण गरे । त्यसपछि भगवान् बुद्धको मूर्ति अगाडि गएर ध्यानमा बसे । धनुकलाल र चन्द्रमुखीले रुनबाहेक केही गर्न सकेनन् । उनीहरू निकैबेर छोरालाई हेरेर बसे र बेलुकी पख घर फर्के । उनीहरूलाई १४ वर्षअघि ज्योतिषीले भनेका कुरा सम्झना भयो । भोलिपल्ट, धनुकलालले सबै ऋणीलाई फोन गरेर बोलाए । कतिका जग्गा, कतिका रुपैयाँ एक-एक हिसाब गरी प्रक्रिया पुऱ्याएर फिर्ता गरे । त्यसपछि भगवान् बुद्धको आराधना गर्दै आनन्दको जीवन बिताउन थाले ।

*(साभार: रातोपाटी)*

कविता

# मेरो देश



✍सुशेम डि.सी.


*कक्षा : १०, नवोदय शिशु सदन*

हिमाल, पहाड तराई
छन् सबै हाम्रो देशमा
साना साना गाउँ वस्ती
हाम्रो परम्परा साथमा

हिमाल हरिया, अग्ला पहाडहरु
तराईमा बस्छन् सबै जातिहरु
खेतीपाती अनि अन्य कुरा
सबै हुन्छन् बढी यहाँ ।

नेपाल हाम्रो सुन्दर
बनाउनु छ मनोहर
मिलिजुली कार्य गरौं
समयमै सबै काम सकौं

**चित्रकला**



दिपशना थापा
जी.एस. निकेतन मा.वि. हेटौंडा

# गाँजा खेती खुलाउन संसदीय समितिमा सहमति, एक महिनाभित्र नियमावली

काठमाडौं/शुक्रबार प्रतिनिधि सभाको कृषि समितिमा गृहमन्त्री रवि लामिछानेले गाँजा खेतीको आवश्यकता र महत्वमा द्विविधा राख्नु नपर्ने बताए ।



गाँजा खेतीको औषधि प्रयोजनको लागि व्यवसायिक उत्पादन, प्रशोधन तथा बिक्री वितरण लगायतका विषयलाई वैधानिकता दिन कानुनी वातावरण मिलाउने सम्बन्धमा समितिले बोलाएको छलफलमा गृहमन्त्री लामिछानेले गाँजा खेतीबारे अध्ययन गर्न, औषधिजन्य प्रयोजनका लागि गाँजा खुला गर्ने गरी एक महिनाभित्र नियमावली बनाउने बताए । यसको आवश्यकताका लागि छलफल पर्याप्त भइसकेको भन्दै उनले गाँजा खेती अध्ययनमा पदभार ग्रहण गरेदेखि नै चासो दिएको बताए ।

गृहमन्त्री लामिछानेले गाँजा खेती अध्ययन गर्न बनेको समितिले छिटै प्रतिवेदन दिने बताए । गाँजा खेतीका लागि कानुन बनाउने नेतृत्व गृहले नै गर्छ,' लामिछानेले भने ।

छलफलमा सरकारको तर्फबाट मात्रै होइन प्रतिनिधि सभा सदस्य र नेपाल सरकार सचिवहरूले पनि गाँजाको औषधिजन्य उत्पादन र औद्योगिक प्रयोजनको लागि कानुन बनाएर खेती गर्नुपर्नेमा साझा धारण देखाए ।

अर्थमन्त्री वर्षमान पुनले गाँजाले बनेको झोला बोकेर बजेट प्रस्तुत गरेको खुलासा समेत गरे । छलफलमा अर्थमन्त्री पुनले भने, 'नेपाली उत्पादनको ब्याग भनेर बजेटको ब्याग नै गाँजाको हो । कसले उत्पादन गर्‍यो थाहा थिएन । गाँजाको झोला बोकेर बजेट प्रस्तुत गरियो ।'

उनले गाँजाको उत्पादन गाउँगाउँमा भइरहेको बताए । अप्रत्यक्ष रूपमा गाउँगाउँमा गाँजा खेती हुने सामान्य जस्तो रहेको भन्दै दाना उत्पादन, रेसा उत्पादन भइरहेको भेटिने उनले बताए । 'अनुसन्धानका लागि गाँजा तत्काल खुला गरौं । धेरै डराउनुपर्दैन, अरू उत्पादनलाई बिस्तारै कानुनी व्यवस्था गर्दै जाउँला,' अर्थमन्त्री पुनले भने ।

**सांसदहरूको एकै बोली-अध्ययन गरौं तर खोलौं**

समितिको छलफलमा भाग लिने अधिकांश सदस्यले गाँजा खेती अध्ययन गरेर खुला गर्नुपर्ने धारणा राखेको थिए । सांसद विनिता कठायातले रिसर्च गरेर खोल्नुपर्ने बताएका थिए । यस्तै मानविर राई, अनिशा नेपाली, योगेन्द्र मण्डलले पनि किसान र अर्थतन्त्रको लागि गाँजा खेती खोल्दा राम्रो हुने बताएका थिए । सांसद अमृतलाल राजवंशीले नियमावली बनाएर गाँजा खेती गर्न पाउनुपर्ने बताए । सांसद अशोक चौधरी, विजुला रायमाझी, डिल्ली पन्त लगायतले गाँजाको लागि सरकारले नियमावली ल्याउनुपर्ने बताएका थिए ।

**कानुनकै कारण गाँजाको अध्ययन भएन**

छलफलको सुरुवातमै काठमाडौं विश्वविद्यालयका प्रोफेसर डा. पन्नकाजी महर्जनले नेपालको कानुनी व्यवस्थाको कारण गाँजाको औषधीय गुणको रिसर्च हुन नसकेको बताए । 'बिरुवा नै छुन नपाउने कानुन छ, अध्ययनको लागि स्वीकृति छैन । नेपालको वातवारणमा हुने गाँजा विश्वकै युनिक छ तर त्यसलाई छुने बित्तिकै जेल जाने अवस्था छ,' समितिको बैठकमा महर्जनले भने । औषधीय प्रयोजन र औद्योगिक प्रयोजन सयौं गुण भए पनि गाँजाको अध्ययनमा ढिलाइ भइसकेको बताए ।

सिंहदरबार वैद्यखानाका कार्यकारी निर्देशक प्रदिप केसीले २०५५ सालसम्म गाँजाबाट उत्पादन हुने औषधि वैद्यखानाले बनाउने गरे पनि त्यसपछि ठप्प भएको बताए । 'गाँजाको औषधीजन्य प्रयोजनको लागि अनुसन्धान गर्न हामी तयार छौं । अनुसन्धानको लागि टन्नै ठाउँ छ तर कानुनकै कारण एउटा सरकारी निकायले अर्को सरकारी निकायसँग रिसर्च गर्न हात फैलाउन परिरहेको छ,' उनले भने ।

यस्तै बायोटेक्नोलिजस्ट सोसाइटीका नविन नारायण मुनाकर्मीले गाँजाको गुण, अवगुण हेरेर अध्ययन हुनुपर्ने बताएका छन् ।

मानसिक अस्पतालका निर्देशक अनन्त अधिकारीले गाँजाको सम्बन्ध मानव जातिको सुरुवातदेखि नै रहेको बताउँदै यसको उपयोगिता धेरै रहेको बताए । अत्यन्तै संवेदनशील भएर उत्पादन गर्दा गाँजाको फाइदा धेरै भएको भन्दै उनले केही मानिसमा निरन्तर प्रयोगको कारण भने समस्या सिर्जना हुने गरेको बताए ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रतिनिधिले रिसर्चको लागि सररकाले तत्काल कानुन बनाउनुपर्ने बताएका थिए ।

**मन्त्रालयहरूको धारणा : गाँजाको अध्ययन आवश्यक छ**

कृषि मन्त्रालयका सचिव दिपक खरालले २०३१ को लागुऔषध ऐनको नियमावली संशोधन परिर्वतन नगरी अध्ययन गर्न नसकिने बताए । 'चालु आवमा हामीले गाँजा खेतीको लागि अध्ययन भनेर बजेट राख्यौं तर त्यसको कानुनी व्यवस्था परिवर्तन नगरी सम्भव भएन, आगामी आवमा कानुनी व्यवस्था भनेर राखेका छौं, त्यो कार्यान्वयन भएपछि अध्ययन हुन सजिलो हुन्छ,' सचिव खरालले भने ।

उनले नेपालमा गाँजा खेती सजिलै हुने भएकाले मानिसले मिहिनेत नै गर्नुनपर्ने खेती भएको ब्याख्या गरे । 'अहिले भएको बाँझो जग्गामा खेती उपयुक्त हुन्छ, वन्यजन्तुले हानि गर्दैन,' खरेलले भने । उनले अहिलेका कपास विकास समिति वा बोर्ड गठन गरेर नियन्त्रित रुपमा खेती गर्न सकिने भन्दै एने संशोधन आवश्यक रहेको बताए ।

विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव कृष्णबाबु पुडासैनीले कानुनी प्रबन्ध नहुँदा अध्ययन हुन नसकेको उल्लेख गरे । यसलाई वनस्पती विभागसँग पनि सहकार्य गरेर चाँडो भन्दा चाँडो 'रिसर्च एण्ड डेभलप' आवश्यक छ । उद्योग वाणिज्य मन्त्रालय प्रतिनिधिले पनि अध्ययन गरेर निस्कर्ष आएमा औद्योगिक प्रयोजनको लागि खुल्न सक्ने बताएका थिए । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रतिनिधिले रिसर्चको लागि सररकाले तत्काल कानुन बनाउनुपर्ने बताएका थिए ।

**गृह र कानुनको शंका**

छलफलमा सहभागी भएका मन्त्रालयका प्रतिनिधिहरूले गाँजाको अध्ययनको लागि नियमावली परिवर्तन गर्न पर्ने बताइरहँदा गफ मन्त्रालय र कानुन मन्त्रालयका अधिकारीहरू भने पूर्णरुपमा सहमत हुन सकेका थिएनन् ।

गृह सचिव एकनारायण अर्यालले राजस्वको फाइदा हुने भए पनि लागुऔषध प्रयोग पनि बढिरहेको बताएका थिए । 'गाँज खेती गर्न दिँदा छिमेकी देशहरूको सुरक्षाको दृष्टिकोणले पनि हेर्नुपर्छ । कति उत्पादन हुन्छ, कसले प्रयोग गर्छ, कहाँ जान्छ । कसरी प्रयोग हुन्छ, सबै हेर्नुपर्छ । यसको सामाजिक संरचना पनि ध्यान दिनुपर्छ,' अर्यालले भने ।

यस्तै कानुन मन्त्रालयका प्रतिनिधिले औषधीजन्य उत्पादन गर्ने भने पनि यसको पर्याप्त अध्ययन आवश्यक रहेको बताए । उत्पादन पछिको बजार र गाँजामा बजारमा नियमनकारी संयन्त्रको अवस्था पनि हेर्नुपर्ने कानुन मन्त्रालयका अधिकारीहरूले बताएका थिए ।

**बल्ल भयो छलफल**

चालु आर्थिक वर्ष (आव) २०८०/८१ को बजेटमा सरकारले गाँजा खेतीको सम्भावनाबारे अध्ययन गर्ने भनेको छ । बजेट वर्ष सकिन एक महिना बाँकी हुँदा पनि कार्यान्वयनमा भने प्रगति देखिएको थिएन । तत्कालीन अर्थमन्त्री डा. प्रकाशशरण महतले चालु आवको बजेट प्रस्तुत गर्दा गाँजा खेतीको सम्भावनाबारे अध्ययन गर्ने घोषणा गरेका थिए । तर आव सकिने बेला छलफल भएको हो ।

सरकारले बजेट कार्यान्वयन गर्न भन्दै २० कात्तिक २०८० मा गाँजा खेतीको सम्भाव्यता अध्ययनका लागि कार्यदल गठन गर्‍यो । तत्कालीन अर्थमन्त्री महतको अध्यक्षतामा अर्थ मन्त्रालयमा बसेको बैठकले गृह मन्त्रालयका तत्कालीन सहसचिव भीष्मलाल भुसालको संयोजकत्वमा प्रधानमन्त्री कार्यालय, अर्थ, उद्योग, कानुन, परराष्ट्र मन्त्रालयका सहसचिव र नेपाल प्रहरीका प्रतिनिधि सदस्य तथा कृषि मन्त्रालयका सहसचिव सदस्यसचिव रहने गरी कार्यदल बनाएको थियो ।

कार्यदलले काम सुरु गरेको एक महिनाभित्र प्रतिवेदन बुझाउन तत्कालीन अर्थमन्त्री महतले निर्देशन दिएका थिए । त्यो बेला कार्यदललाई गाँजा औषधिका रूपमा कसरी उपयोग गर्न सकिन्छ र गाँजाबाट औद्योगिकीकरणको सम्भाव्य अनुसन्धान गर्ने 'म्यान्डेट' दिइएको थियो ।

उक्त समितिले अबको २ हप्ताभित्र प्रतिवेदन बुझाउने गृहमन्त्री लामिछानेले बताएका छन् । त्यस अगाडि १७ भदौमै प्रतिनिधि सभाको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको छलफलमा गाँजा खेतीलाई वैध बनाउनुपर्नेमा एकमत देखिएको थियो ।

समितिको छलफलमा बोल्ने सांसदले गाँजा खेतीका सम्बन्धमा नीतिगत व्यवस्था के गर्न सकिन्छ भनेर समितिले पहल लिनुपर्ने बताएका थिए । त्यसपछि आज छलफल भएको हो ।

**पुरानै चर्चा**

यसो त गाँजा खेतीको वैधानिकता विषयमा अहिले मात्रै चर्चा भएको होइन । प्रतिनिधि सभाको अघिल्लो कार्यकालमा पनि गाँजा खेतीलाई खुला गर्नुपर्ने विषयलाई सांसदहरूले उठाएका थिए । नेकपा एमालेका तत्कालीन सांसद शेरबहादुर तामाङ र नेकपा एकीकृत समाजवादीका तत्कालीन सांसद विरोध खतिवडाले गाँजा खेतीलाई खुला गर्ने सम्बन्धी गैरसरकारी विधेयक नै संसदमा दर्ता गरेका थिए । तर ती दुवै विधेयक प्रक्रियामा प्रवेश नै गरेनन् ।

*(स्रोत: अनलाइनखबर)*

# पितृसत्तालाई प्रश्न गर्ने मलिकाको 'सतीदेवी' टिजर



काठमाडौं/लक्ष्मण सुवेदीको तेस्रो निर्देशकीय फिल्म 'सतीदेवी'को टिजर सार्वजनिक गरिएको छ । शुक्रबार युट्युबमार्फत सार्वजनिक २ मिनेट ३३ सेकेण्ड लामो टिजरले परिवारको वंश धान्न छोरा चाहिन्छ भन्ने पितृसत्तात्मक सोचलाई प्रश्न गरेको छ । छोरीले पनि परिवारप्रति आफ्नो कर्तव्य निभाउन सक्छन् भन्ने फिल्मको मूल कथा रहेको टिजरले प्रष्ट्याउँछ । टिजरका दृश्य र संवादहरु मर्मस्पर्शी छन् ।

आगामी साउन ४ गतेदेखि सार्वजनिक प्रदर्शनमा आउन लागेको फिल्ममा अभिनेत्री मलिका महत मुख्य भूमिकामा छिन् भने रमेश बुढाथोकी, भोलाराज सापकोटा, कुलदीप अधिकारी, सन्दीपबाबु लोहनी, सृजना अधिकारी, मनिषा सापकोटा, सुजिता सिवाकोटी, तुलसी श्रेष्ठको पनि अभिनय छ । फिल्ममा मलिका गाउँले चरित्रमा छन् । टिजर हेर्दा फिल्मको कथा उनीमाथि नै केन्द्रित देखिन्छ ।

निर्देशक सुवेदी स्वयंको लेखन रहेको फिल्मको निर्माता श्रीदेवी, दिलासा र सारा सुवेदी हुन् । दिलाशा क्रियसन र गोल्डेन स्टेट मुभी मेकर्स एलएलसी क्यालिफोर्नियाको संयुक्त प्रस्तुति रहेको फिल्ममा बाबु श्रेष्ठले छायांकन, दीपक शर्मा र सुवास भुसालको संगीत तथा रामजी लामिछानेको कोरियोग्राफी छ । फिल्मले प्रदर्शन नहुँदै केही फेस्टिभलमा महत्त्वपूर्ण विधामा अवार्ड जितिसकेको छ ।

# अनमोलसँग 'जेरी अन टप' गर्दै आँचल





काठमाडौं/यतिबेला हलमा प्रदर्शन भैरहेको फिल्म 'फर्की फर्की'ले सुखद नतिजा प्राप्त गरेसँगै अभिनेता अनमोल केसी अर्को फिल्म 'जेरी अन टप'को तयारीमा जुटिसकेका छन् । यही जेठ अन्तिमबाट छायांकन गर्न लागिएको फिल्ममा उनको जोडी अभिनेत्री आना शर्मासँग बाँधिने निश्चित भइसकेको छ । यसैबीच, फिल्ममा अर्की शर्मा अभिनेत्रीको पनि प्रवेश भएको छ । ती अभिनेत्री आँचल शर्मा हुन् ।

बिहीबार साँझ फिल्मका निर्माता सरोज न्यौपानेले फेसबुकमा स्टाटस लेख्दै 'थ्री ए' निश्चित भएको जनाएका थिए । तर, उनले दोस्रो अभिनेत्रीको नाम भने सार्वजनिक गरेका थिएनन् । यद्यपि, दोस्रो 'ए' आँचल हुनसक्ने आँकलन धेरैको थियो । अन्तत: उनी स्वयंले फिल्मीखबरसँग कुराकानी गर्दै फिल्ममा आफू आबद्ध भएको पुष्टि गरेकी छन् । उनले भनेकी छन्, 'हो, म 'जेरी अन टप' गर्दैछु ।'

आँचलको 'लाइनअप'मा अहिले 'पिताम्बर', 'रानीमहल', 'दु:खी आत्मा' जस्ता फिल्म पनि छन् । उनले सुरुमा 'जेरी अन टप'मा काम गर्ने जानकारी गराइन् । यसपछि भदौबाट 'पिताम्बर'को छायांकनमा जोडिने उनको भनाई छ । यसमा भने उनको जोडी अभिनेता प्रदीप खड्कासँग बाँधिनेछ । यसैगरी, 'दु:खी आत्मा'मा अभिनेता दयाहाङ राईको जोडीको रुपमा प्रस्तुत हुने तयारीमा उनी छिन् ।

'फर्की फर्की'का सुयोग गुरुङको निर्देशनमा बन्ने 'जेरी अन टप'लाई पहिला हेमराज विसीले निर्देशन गर्ने फाइनल थियो । तर, उनी अमेरिका गएपछि फिल्ममा सुयोग भित्रिएका हुन् ।

सन् २०१४ मा प्रदर्शनमा आएको सफल फिल्म 'जेरी'को दोस्रो श्रृंखलाको रुपमा निर्माण हुन लागेको फिल्मलाई नेपाल र अष्ट्रेलियामा खिचिने जानकारी प्राप्त छ । र, यसपालिको तिहारमा प्रदर्शन गरिने चर्चा छ ।

# पर्दामा गाउँ र सहरको कथा







काठमाडौं/गत वर्षको दशैंयता नेपाली फिल्मले बक्स अफिसमा राम्रो प्रदर्शन गरिरहेका छन् । सिक्वेल र स्टार बिनाका फिल्म पनि चलेका छन् । यसले नेपाली फिल्मप्रति दर्शकको बढ्दो आकर्षण दर्शाउँछ । र, फिल्मको कथामा पनि विविधता देखिएको छ । कहिले गाउँमा आधारित त कहिले सहरी कथामा बनेका फिल्म आइरहेका छन् । यसले गर्दा हरेक खालका दर्शकहरु आकर्षित भएको देखिन्छ ।

यसैबीच, शुक्रबारबाट फरक कथामा बनेका दुईवटा फिल्म 'गाउँ आएको बाटो' र 'लण्डन टू पेरिस' प्रदर्शनमा आएका छन् । 'गाउँ आएको बाटो'ले गाउँको कथा भनेको छ । एक दुर्गम गाउँमा बाटो र गाडी आएपछिको परिवर्तन र त्यसले पार्ने प्रभावको कथालाई फिल्मले उठाएको छ । 'लण्डन टू पेरिस' भने अर्बन (सहर)को कथामा बनेको हो । त्यसमा पनि 'डायस्पोरा'को कथा भनिएको छ ।

मल्टीप्लेक्सहरुमा दुवै फिल्मको बुधबार 'एड्भान्स बुकिङ' खुलेको थियो । बिहीबार साँझसम्म दुवै फिल्मको बुकिङ 'ट्रेन्ड' कमजोर थियो । बिहानी शोज पनि अपेक्षाकृत देखिएन । यसैले अब यी दुवै फिल्मको व्यापार 'वर्ड अफ माउथ'मा निर्भर रहनेछ । त्यसो त नेपाली फिल्मले दिउँसोबाट 'पिकअप' लिने गरेका दृष्टान्त छन् । यी दुईटा फिल्मको हकमा के हुन्छ, साँझसम्म प्रष्ट चित्र देखिनेछ ।

विश्वका एक दर्जन बढी फेस्टिभलमा सहभागिता जनाइसकेको नवीन सुब्बा निर्देशित 'गाउँ आएको बाटो'मा दयाहाङ राई, पशुपति राई, प्रेम सुब्बा, बाल कलाकार प्रसान राई लगायतको अभिनय छ । घनश्याम लामिछानेको निर्देशनमा बनेको 'लण्डन टू पेरिस'मा भने साम्राज्ञी आरएल शाह, निश्चल खड्का, कबीर खड्का र गरिमा शर्माको अभिनय छ । निश्चल र गरिमाको यो डेब्यु फिल्म हो ।

# सीके राउतले दल नेतालाई छाडेर सतिशलाई किन बनाए मुख्यमन्त्री ?

जनकपुरधाम/जनमत पार्टीका सतिश सिंह मधेश प्रदेशको मुख्यमन्त्री नियुक्त भएका छन् । संविधानको धारा १६८(२) अनुसार एमाले, माओवादी, एकीकृत समाजवादी सहित ६ दलको समर्थनमा दाबी पेस गरेपछि प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले जनमत सांसद सिंहलाई मुख्यमन्त्री नियुक्त गरेकी हुन् ।

नवनियुक्त मुख्यमन्त्री सिंहले शुक्रबार नै पद तथा गोपनियताको शपथ लिएका छन् । साथै सत्तारुढ दलहरूबीच भएको भागबन्डा अनुसार शुक्रबारै १४ सदस्यीय मन्त्रिपरिषद् गठन गरेका छन् ।

सत्ता गठबन्धनमा १७ जेठमै जनमतले मधेश प्रदेश सरकारको नेतृत्व गर्ने सहमति भएको थियो । तर सरकार गठनका लागि चाहिने बहुमत (५४) पुगेको थिएन । २२ जेठमा एकीकृत समाजवादीले समर्थन फिर्ता लिएपछि नयाँ सरकार बन्ने पक्का भयो । बुधबार प्रदेश सभामा मुख्यमन्त्री सरोजकुमार यादवले विश्वासको मत नपाएपछि प्रदेश प्रमुख भण्डारीले नयाँ सरकार गठनको लागि आह्वान गरिन् ।

जनमतले सरकारको नेतृत्व गर्ने सहमति भइसकेकाले संसदीय दलका नेता महेशप्रसाद यादवलाई भावी मुख्यमन्त्रीका रूपमा हेरिएको थियो । तर बिहीबार बिहान जनमतले दल नेता यादवको साटो सांसद सतिश सिंहको नाम अगाडि सार्‍यो । जनमतका नेताहरूका अनुसार मुख्यमन्त्रीबारे केन्द्रीय सचिवालयमा पटक पटक छलफल भएको थियो । १७ जनाको सचिवालयमा तीनजना प्रदेश सांसद छन् । वरिष्ठ उपाध्यक्ष वसन्त कुशवाहा, महासचिव चन्दन सिंह र प्रदेश सांसद संजयकुमार यादव । स्रोतका अनुसार तीनै जनाले मुख्यमन्त्रीका लागि दाबेदारी प्रस्तुत गरेका थिए । संसदीय दलका नेता यादवको बलियो दाबेदारी थियो । अरू पनि आकांक्षी भएकाले मुख्यमन्त्रीको उम्मेदवार छान्ने जिम्मा पार्टी अध्यक्ष सीके राउतलाई दिइयो ।

यद्यपि संसदीय दलका दलका नेता महेशकुमार यादव बुधबार साँझसम्म मुख्यमन्त्री बन्नेमा करिब-करिब ढुक्क थिए । अमेरिका भ्रमणमा रहेका अध्यक्ष सिके राउतसँग सकारात्मक कुराकानी भएकै थियो । तर राउतले उनको साटो सतिशलाई रोजे । जनमतका प्रवक्ता शरत सिंह यादव भन्छन्, 'मुख्यमन्त्री कसलाई बनाउने जिम्मा अध्यक्षजीलाई सचिवालयले दिएको थियो । अध्यक्षजीले सतिशजीको नाम टुंगो लगाउनुभयो ।'

अध्यक्ष राउत निकट नेताहरूका अनुसार मुख्यमन्त्री छान्ने क्रममा उनले एउटा मापदण्ड बनाए, नयाँलाई अवसर दिने । यससँगै जसपा नेपालका सरोजकुमार यादवको सरकारमा मन्त्री भएकाले चार नेता मुख्यमन्त्रीको प्रतिस्पर्धाबाट बाहिरिए । संसदीय दलका नेता महेशप्रसाद शिक्षा तथा समाज कल्याण, वरिष्ठ उपाध्यक्ष बसन्त भूमि व्यवस्था कृषि तथा सहकारी, महासचिव चन्दन श्रम तथा यातायात र संजयकुमार भूमि व्यवस्था कृषि तथा सहकारी राज्यमन्त्री बनेका थिए ।

त्यसपछि सतिशलाई छाने । यसमा राउतले मधेशको जातीय समीकरण पनि हेरेको नेताहरू स्वीकार गर्छन् । पछिल्लो तथ्यांकअनुसार मधेशमा सबभन्दा ठूलो (१५ प्रतिशत) यादव समुदाय छ । कांग्रेस, एमाले, जस्ता पुराना पार्टी होस् वा विद्रोहबाट आएका माओवादी र जसपा नेपालमा पनि उनीहरू नै हाबी छन् । २०७९ मंसिरबाट मधेशको नयाँ शक्तिका रूपमा उदाएको जनमतले पनि संसदीय दलको नेता महेशप्रसाद यादवलाई नै बनाएको थियो ।

'समानुपातिक समावेसीको जननी मधेशलाई भनिन्छ, तर व्यवहारमा चाहिँ एउटा जातिले मात्र अवसर पाउँदा संघीयताबारे नै प्रश्न उठ्न थालेको थियो' जनमतका एक नेता भन्छन्, 'त्यसैले हामीले अरू समुदायलाई पनि सम्बोधन गर्न खोजेका हौं ।' सिंह (राजपुत) अन्य पिछडा वर्ग (ओबीसी)मा पर्छ । सबै पिछडा वर्गमा भएको सबै जातिलाई एक ठाउँमा राख्ने हो भने मधेश प्रदेशमा कुल जनसंख्याको २३ प्रतिशत हुन्छ । करिब १८ प्रतिशत दलित र १३ प्रतिशत मुस्लिम समुदाय छन् ।

*(स्रोत: अनलाइनखबर)*

# छानबिन समितिले कार्यदिश टुंगो लगाउने सदस्यहरूसँग सुझाव लिने



काठमाडौं/सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा छानबिन गर्न बनेको संसदीय विशेष समितिले कार्यदिश बनाउन गठित कार्यदलका सदस्यहरूसँग सुझाव लिने भएको छ ।

समितिको दोस्रोपटक बसेको शुक्रबारको बैठकले कार्यदलमा रहेका सदस्यहरूसँग २ असारमा छलफल गर्ने निर्णय गरेको हो । कार्यदिशको भाव थप बुझ्नका लागि त्यो बनाउन संलग्न कार्यदलका सदस्यहरूका कुरा सुन्ने निर्णय भएको कांग्रेस सहमहामन्त्री एवं समिति सदस्य बद्री पाण्डेले जानकारी गराए ।

'समिति बन्न र कार्यदिश बनाउन धेरै समय लागेको थियो । कार्यादेशको स्पिरिटको बारेमा उहाँहरूलाई बोलाएर थप स्पष्ट भएर कार्यविधि पारित गर्ने कुरा भएको छ,' पाण्डेले भने । कार्यविधिलाई थप समृद्ध बनाउनका लागि आज पारित नगरिएको समिति सदस्य पाण्डेले जानकारी दिए ।

समितिको पहिलो बैठकमा भएका निर्णयानुसार सचिवालयले कार्यविधि आजको बैठकमा पेस गरेको थियो । सहकारीका सम्बन्धमा हालसम्म बनेका आयोग, कार्यदल, समिति लगायतले गरेका अध्ययन प्रतिवेदन संकलन गर्न समितिले सचिवालयलाई निर्देशन दिएको छ ।

तीन महिनामा समितिले काम सक्ने गरी कार्यविधि पेस गरिएको छ । बैठक बस्ने, निर्णय गर्ने, सभापतित्व गर्ने, समय लिने, बैठकका आचारसंहिता लगायत विषय कार्यविधिमा समावेश गरिएको छ । १५ जेठमा सत्ता पक्ष र प्रतिपक्षबीच सहमति बनेर सात सदस्यीय संसदीय छानबिन विशेष समिति बनेको थियो । जसमा एमाले सांसद सूर्य थापा संयोजक बनेका छन् ।

सदस्यमा कांग्रेसबाट सहमहामन्त्री पाण्डे, ईश्वरी न्यौपाने, एमालेबाट सदस्यमा सरिता भुसाल, माओवादी केन्द्रबाट लेखनाथ दाहाल, राष्ट्रिय स्वतन्त्र पार्टीबाट शिशिर खनाल र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट ध्रुवबहादुर प्रधान छन् । रास्वपा नेता खनाल कार्यादलका सदस्य समेत थिए । समितिको सचिवको जिम्मेवारीमा सहसचिव बबिता मिश्र छिन् ।

# सरकारविरुद्ध एनसेलको मुद्दाको पूर्ण सुनुवाइ २९ गते

काठमाडौं/एनसेलले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई विपक्षी बनाएर दायर गरेको रिटको पूर्ण सुनुवाइका लागि २९ जेठमा पेसी तोकिएको छ ।

शुक्रबार सर्वोच्च अदालतका न्यायाधीश प्रकाशकुमार ढुंगाना र सुनिलकुमार पोखरेलको इजलासले शिघ्र सुनुवाइ गरी टुंग्याउनुपर्ने भएकाले २९ गते पेसी तोक्ने निर्णय गरेको हो । रिटमाथि विपक्षीहरूको जवाफसमेत आइसकेको सर्वोच्चले जनाएको छ ।

आफूमाथि अनावश्यक कर निर्धारण गर्न खोजेको भनी एनसेलले २७ पुस २०७८ मा सरकारको निर्णयविरुद्ध सर्वोच्च अदालतमा निवेदन दर्ता गरेको थियो । रिट निवेदनमाथि सर्वोच्च अदालतको शुक्रबारको इजलासले 'शिघ्र सुनुवाइ गरी टुंग्याउनुपर्ने' भन्दै २९ गते निरन्तर सुनुवाइका लागि पेसी तोक्न आदेश दिएको हो ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# थाहाको ९ वटा वडा ‘पूर्णसंस्थागत सुत्केरी वडा’ घोषणा

साझाकुरा संवाददाता

हेटौंडा, २५ जेठ/थाहा नगरपालिकको ९ वटा वडा ‘पूर्णसंस्थागत सुत्केरी वडा’ घोषणा भएको छ । २४ जेठमा १ नम्बर वडालाई पूर्णसंस्थागत सुत्केरी वडा घोषणा गरेसँगै घोषणा हुने वडाको संख्या ९ पुगेको हो ।

नयाँवस्ती आधारभूत स्वास्थ्यकेन्द्रमा आयोजित समारोहमा १ नम्बर वडालाई थाहा नगरप्रमुख विष्णुबहादुर विष्टले पूर्णसंस्थागत सुत्केरी वडा घोषणा गरेका हुन् । विष्टले घोषणा समारोहमा थाहाका स्वास्थ्यसंस्थाको स्तरोन्नतितर्फ आफू लागिपरेको बताउँदै यस कार्यमा अहोरात्र खटिने स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविकाहरु धन्यवादका पात्र रहेको उल्लेख गरे ।

कार्यक्रममा जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरका प्रशाशक कृष्ण मिजारले अब पूर्णसुरक्षित मातृत्व जिल्ला घोषणाका लागि सबै स्थानीय तह र स्वास्थ्य संस्थाहरु लाग्नुपर्ने बताउँदै यस्ता सन्देश जिल्लाको वडावडामा पुग्नुपर्ने बताए । कार्यक्रममा आगामी आर्थिक वर्षभित्र नगरपालिकालाई नै पूर्णसंस्थागत सुत्केरी घोषणा गर्ने लक्ष्य लिइएको थाहा नगरका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले बताए ।

तीन आर्थिक वर्षयता सबै महिला स्वास्थ्यसंस्थामै सुरक्षित सुत्केरी भएको पाइएपछि पूर्ण संस्थागत सुत्केरीयुक्त वडा घोषणा गरिएको थाहा नगरपालिका स्वास्थ्य शाखाप्रमुख मेघराज बलामीले जानकारी दिए । स्वास्थ्य कार्यालय मकवानपुरबाट प्रमाणिकरण पश्चात् घोषणा गरी वडालाई प्रमाणपत्र हस्तान्तरण गरिएको छ । कार्यविधि अनुसार ९८ प्रतिशत गर्भवती स्वास्थ्यसंस्थामै सुत्केरी भएको, सरकारको मापदण्डअनुसार ९० प्रतिशतले गर्भवती टिडी खोप लगाएको, आइरन चक्की-जुकाको औषधि खाएको, नियमितरुपमा गर्भ जाँच गराएको लगायत मापदण्ड अनुसार पूर्णसंस्थागत सुत्केरी वडा घोषणा गरिनेछ ।

यसअघि थाहा नगरपालिकाको ७, ८ र ५ पूर्णसंस्थागत सुत्केरी वडा घोषणा हुन बाँकी रहेको थाहा नगर स्वास्थ्य शाखाले जनाएको छ । वडा न १ का कार्यवाहक वडाअध्यक्ष सरोज प्रधानको अध्यक्षतामा भएको घोषणासभामा थाहानगरभित्र रहेका स्वास्थ्यसंस्थाका प्रमुखहरु, स्वास्थ्यकेन्द्र व्यवस्थापन समितिका पदाधिकारी, महिला स्वयंसेविका, स्वास्थ्यकर्मी, कुन्छाल महिला बासुरी समूहका सदस्यलगायत उपस्थिति रहेको थियो ।

कार्यक्रममा वडालाई पूर्णसंस्थागत सुत्केरी वडा घोषणा गर्न खटिएका स्वास्थ्यकर्मी नयाँबस्ती आधारभूत स्वास्थ्य केन्द्रका अनमी कलावती गोपालीलाई सम्मानित गरिएको थियो । कार्यपालिका सदस्य अनिता बलले संचालन गरेको कार्यक्रमलाई संस्थाकी प्रमुख शिसम बिडारीले स्वागत गरेकी थिइन् । नेपाल सरकारले सन् २०३० सम्म अस्पतालमै सुत्केरी गराउनेको संख्या ९० प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ ।

# बागमती विश्वविद्यालय संरक्षक समितिका सदस्यलाई मनोनयनपत्र

साझाकुरा संवाददाता

हेटौंडा, २५ जेठ/ बागमती विश्वविद्यालय संरक्षक समितिका सदस्यलाई मनोनयनपत्र प्रदान गरिएको छ । शुक्रबार सामाजिक विकास मन्त्रालयमा आयोजित एक कार्यक्रमबीच प्रदेश सरकारले नियुक्त गरेका सदस्यलाई मनोनयनपत्र प्रदान गरिएको हो ।

मुख्यमन्त्री शालिकराम जम्कट्टेलले संरक्षक समितिका सदस्यहरु प्रा.डा.चन्द्रमणि पौडेल, कृष्ण कटुवाल, बच्चुराम अधिकारी, नुररानी ढुंगेल र किरणचन्द्र दाहाललाई मनोनयनपत्र प्रदान गरेका हुन् । कार्यक्रममा बोल्दै विश्वविद्यालयका संरक्षक समेत रहेका मुख्यमन्त्री जम्कट्टेलले प्रदेश सरकारले बनाएको ऐन नियम अनुसार काम गर्न संरक्षक समितिका सदस्यलाई निर्देशन दिए ।

विश्वविद्यालय एक स्वायत्त संस्था भएकोले सरकारबाट कुनै पनि किसिमको हस्तक्षेप नहुने उनले आश्वासन दिए । उच्चशिक्षामा परिवर्तन ल्याउने गरी विश्वविद्यालयले काम गर्नुपर्नेमा मुख्यमन्त्री जम्कट्टेलले जोड दिए । यसैगरी आर्थिक मामिला तथा योजना मन्त्री जगन्नाथ थपलियाले शिक्षा क्षेत्रमा रहेको चुनौतीलाई चिर्ने दायित्व विश्वविद्यालयको सामु रहेको बताए । उच्चशिक्षाको लागि विदेश जाने अवस्थाको अन्त्य गर्ने गरी विश्वविद्यालयले काम गर्नुपर्ने उनको भनाई छ ।

कमाउँदै पढ्दै गर्ने वातावरण सृजना गर्न नसके विश्वविद्यालय खुल्दै जाने तर, विद्यार्थी नहुने अवस्था उत्पन्न हुने हुँदा त्यसतर्फ पनि सचेत रहन मन्त्री थपलियाले समितिका सदस्यलाई आग्रह गरेका छन् । प्रदेश सरकारले हेटौंडा उपमहानगरपालिका-८, कमानेस्थित प्रदेश शिक्षा विकास निर्देशनालयको भवनमा विश्वविद्यालयको कार्यालय समेत स्थापना गरिसकेको छ । कार्यक्रममा प्रदेश सरकारका मन्त्रीहरु, मन्त्रालयका सचिव लगायत शिक्षासँग सम्बन्धित सरोकारवालाहरुको उपस्थिति रहेको थियो ।

# बालजागृति बोडिङमा विद्यार्थी नेता छान्न मतदान, मैनाली निर्वाचित

साझाकुरा संवाददाता

हेटौंडा, २५ जेठ/ हेटौंडा उपमहानगरपालिका वडा नम्बर-२ स्थित बालजागृति इंग्लिस बोडिङ स्कूलमा विद्यार्थीका नेता छनोटका लागि शुक्रबार मतदान गरिएको छ ।

विद्यालयमा हरेक वर्ष विद्यार्थीले आफ्ना नेता छनोटका लागि निर्वाचनको अभ्यास गर्दै आएको बताइएको छ । विद्यालयमा कक्षा ४ देखि १० सम्मका ८ सय ७६ जना विद्यार्थी मध्यमा ८६ प्रतिशत विद्यार्थीले नेता छनोटका लागि मतदान गरेको विद्यालयका प्रधानध्यापक बिनोद सुवेदीले बताए । विद्यालयमा असल नेतृत्व चयन गर्न विद्यार्थी आफैं जागरुक रहेको र आफ्ना कुराहरुको सुनुवाइका लागि पनि निर्वाचनका माध्यमले नेता छनोट गरिएको प्रधानाध्यापक सुवेदीले बताए ।

विद्यालयका विभिन्न ईकाईमा विद्यार्थी नेता छनोटका लागि निर्वाचन भएको हो । विद्यालय क्याप्टेन र भाइस-क्याप्टेनसहित विभिन्न सदन र क्लबका क्याप्टेन तथा भाइस क्याप्टेन चयन गर्न निर्वाचन गरिएको हो । बिहान ७ बजेबाट मतदान सुरु भएको मतदान दिउँसो ३ बजेसम्म सकिएको थियो । मतदानमा धेरै भन्दा धेरै विद्यार्थी सक्रिय सहभागी भएको र निकै उत्साहजनक भएको विद्यालयका प्रमुख निर्वाचनअधिकृत उमेश अर्यालले जानकारी दिए ।

निर्वाचनमा कक्षा ६ देखि ९ कक्षासम्मका विद्यार्थी उम्मेदवार हुन पाउने व्यवस्था गरिएको उनले बताए । विद्यालयका विविध क्रियाकलापमा विद्यार्थीको सहभागिता सुनिश्चित गर्न तथा विद्यार्थीमा नेतृत्व विकास, प्रजातान्त्रिक अभ्यासको विषयमा अवगत गराउने उद्देश्यले बालजागृतिले २०७४ सालदेखि निर्वाचनको अभ्यास गराउँदै आएको छ । निर्वाचनबाट १८ जना विद्यार्थी प्रतिनिधि छनोट गरिएको छ ।

विद्यार्थी निर्वाचन कार्यक्रममा शिक्षकहरुले सहजीकरण गरेका थिए । विद्यालय व्यवस्थापन तथा सञ्चालक समितिका पदाधिकारी र अभिभावकले निर्वाचन कार्यक्रमको पर्यवेक्षण तथा अवलोकन गरेका थिए । निर्वाचनको मतपरिणाम आएपछि अपरान्ह ६ बजे घोषणासभा गरिएको थियो । विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष रामकृष्ण तिमल्सिना, संचालक समिति अध्यक्ष दिनेश भण्डारी, विद्यालयका प्रबन्ध निर्देशक मोहनप्रसाद शर्मा, संचालक गीतादेबी पौडेललगायत सहभागी थिए ।

स्कूल क्याप्टेन रोजन मैनाली, भाइस क्याप्टेन दीपिका लम्साल, रेड हाउस क्याप्टेन प्रतीक दाहाल, रेड हाउस भाइस क्याप्टेन अनुज्ञा बिडारी, एलो हाउस क्याप्टेन अमिश दाहाल, एलो हाउस भाइस क्याप्टेन प्रसिद्धि केसी, ग्रीन हाउस क्याप्टेन अस्मिता थिङ, ग्रिन हाउस भाइस क्याप्टेन प्रियाँशु सिंह, ब्लु हाउस क्याप्टेन सहर्षा गौतम, ब्लु हाउस भाइस क्याप्टेन दीपेक्षा न्यौपाने चयन भएका छन् ।

इको क्लब क्याप्टेन आर्यन खड्का, भाइस क्याप्टेन सौरभी हुमागाई, लिट्रेचर क्लब क्याप्टेन गन्तब्यराज पौडेल, भाइस क्याप्टेन सदीक्षा हुमागाई, फाइन आर्टस् क्लब क्याप्टेन श्रेयाशी गौतम, भाइस क्याप्टेन अंजनप्रसाद यादव, स्पोर्टस् क्लब क्याप्टेन साइमन उप्रेती, भाईस क्याप्टेन सुवास्टिन महत निर्वाचित भएका छन् ।

बिजेता उमेद्वारलाई विब्यस अध्यक्ष तिमल्सिना, संचालक समिति अध्यक्ष भण्डारी र प्रबन्ध निर्देशक शर्माले खादा लगाएर स्वागत गरेका थिए ।

# हेटौंडा उपमहानगरको आवधिक विकास योजना सार्वजनिक

साझाकुरा संवाददाता

हेटौंडा, २५ जेठ/हेटौंडा उपमहानगरपालिकाको आवधिक विकास योजना सार्वजनिक भएको छ । शुक्रबार औपचारिक कार्यक्रमको आयोजना गर्दै उपमहानगरले योजना सार्वजनिक गरेको हो ।

आगामी आर्थिक वर्ष २०८१/८२ देखि आर्थिक वर्ष २०८५/८६ सम्मका लागि तयार पारिएको पञ्चवर्षीय योजनामा कृषि, पर्यटन, उद्योग, शिक्षा, स्वास्थ्य क्षेत्रलाई उपमहानगरले मुख्य प्राथमिकतामा राखेको छ । त्यसैगरी उपमहानगरले हेटौंडा कम्प्लेक्स, टर्मिनल बसपार्क निर्माण, चक्रपथ निर्माण, कर्रा करिडोर, अटो भिलेज निर्माण गरी ४४ वटा नगर गौरवका योजनालाई आवधिक योजनामा समावेश गरेको छ । पञ्चवर्षीय योजनाले नगरवासीको औषत आयु ६८ वर्षबाट ८५ वर्ष पुऱ्याउने लक्ष्य लिएको छ ।

पञ्चवर्षीय आवधिक योजनाका लागि ६ अर्ब ५६ करोड बजेट अनुमान गरिएको छ । उपमहानगरले आवधिक योजनाका लागि आन्तरिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय आर्थिक स्रोत सुनिश्चित गरेको छ । कार्यक्रममा राजनीतिक दलका प्रतिनिधि सहित विभिन्न क्षेत्रका सरोकारवाला निकायका प्रतिनिधिले सुझाव दिएका थिए । सबै क्षेत्रलाई समान ढंगले सम्बोधन गर्ने गरी नै आवधिक योजना ल्याएको नगरप्रमुख मीनाकुमारी लामाले बताइन् । कार्यक्रममा नगरप्रमुख लामा सहित उपप्रमुख राजेश बानियाँ, प्रमुख प्रशासकीय अधिकृत रामबाबु पुरी लगायतको आतिथ्यता रहेको थियो ।

# तेक्वान्दो संघको प्रशासनिक प्रशिक्षण

साझाकुरा संवाददाता

हेटौंडा, २५ जेठ/नेपाल तेक्वान्दो सघ, जिल्ला सघ मकवानपुरद्वारा आयोजित आन्तरिक प्रशासनिक प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रम आयोजना भएको छ ।

जिल्ला संघका अध्यक्ष लालकाजीरत्न बज्राचार्यको सभाध्यक्षतामा भएको कार्यक्रमको प्रमुखअतिथि हेटौंडा उपमहानगरप्रमुख मीना कुमारीले खेल क्षेत्रमा नगरपालिकाले सकारात्मक भएर सहयोग गरिरहेको बताइन् । खेल क्षेत्रमा लाग्ने युवाले समाजमा अनुशासित भएर जिम्मेवार नागरिकको भूमिका निर्वाह गरिरहेको पनि नगरप्रमुख लामाले बताइन् । खेल क्षेत्रमा लागेका युवाले नेपाललाई विश्वसामु चिनाएको र खेलाडीलाई थप सुबिधा उपलब्ध गराउन जरुरी रहेको नगरप्रमुख लामाले बताइन् ।


## जनहितमा जारी सन्देश !

नेपालमा हृदयघातको बिरामी बढ्दै गइरहेको छ । यस रोगबाट मृत्यु र अन्य दीर्घकालीन समस्या हुनसक्छ । खुसीको कुरा, हाम्रो आफ्नो नियमित बानी व्यहोराले हृदयघातबाट बच्न सकिन्छ ।

**कस्तो बानिव्यहोराले बच्न सकिन्छ त ?**

☞ सूर्तीजन्य पदार्थ प्रयोग नगर्ने,
☞ मध्यपान सेवन नगर्ने,
☞ स्वास्थ्यकर खाना खाने,
☞ नियमित रुपमा व्यायाम गर्ने,

**निम्न लक्षण देखिएमा तुरुन्त स्वास्थ्यजाँच गराउने**

१. छातिको बिच भागमा वा बायाँतिर दुख्ने र सो दुःखाई घाँटी, बायाँ पाखुरातिर सर्ने भएमा ।
२. छातिमा भारीपन वा मन्दमन्द दुखेमा ।
३. छाति दुख्नुको सँगसँगै पसिना आउने, वाकवाकी लाग्ने, उल्टी हुने, डर लाग्ने, छटपटी हुने, मुटुको ढुकढुकी बढ्ने, रिंगटा लाग्ने भएमा ।

बागमती प्रदेश सरकार अन्तर्गत रहेको १३ प्रादेशिक अस्पतालका चिकित्सक एवं स्वास्थ्यकर्मीहरुलाई हृदयघात व्यवस्थापन तालिम दिई सेवा सुरु भइसकेको र बागमती प्रदेशका बिरामीहरुलाई शहिद गंगालाल हृदय केन्द्रको सुपरीवेक्षण सेवा प्रदान सुरु गरेको हुँदा स्वास्थ्यकर बानी अपनाई रोगबाट बच्न र समस्या देखिएमा तुरुन्त स्वास्थ्य जाँच गराउन अनुरोध छ ।

बागमती प्रदेश सरकार
**स्वास्थ्य मन्त्रालय**
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल


## पालुङ्ग बहुउद्देश्यीय सहकारी संस्था लि.

**PALUNG MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD**

पालुङ, मकवानपुर । Palung, Makawanpur

## तपसिलका ऋणीलाई कर्जा भुक्तानी गर्ने ३५ दिने सार्वजनिक सूचना

*प्रकाशित मितिः २०८१/०२/२६*

यस सहकारी संस्थाबाट तपसिलका ऋणीहरुलाई तपसिलमा उल्लेख भएबमोजिमको कर्जा सम्झौताको शर्त तथा तालिकाअनुसार बुझाउनु पर्ने सावाँ ब्याज रकम संस्थाले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट अनुरोध गरी पटक पटक म्याद दिंदा समेत रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस दिन) भित्र सम्पूर्ण ऋण रकम (सावाँ, ब्याज र हर्जाना आदि समेत) चुक्ता भुक्तानी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ । अन्यथा कर्जा सम्बन्धी सम्झौताकाशर्त, लिखत तथा प्रचलित नेपाल कानूनबमोजिम कर्जा असुल्ने क्रममा तपाईले धितो बन्धक स्वरुप यस संस्थामा सुरक्षण राखिदिएको तपसिलबमोजिमको सम्पत्ति बेचबिखन गरी कर्जा रकम असूलउपर गरी लिइनेछ । सोबाट समेत असुलउपर हुनुपर्ने सम्पूर्ण रकम असुलउपर हुन नसकेमा प्रचलित कानूनअनुसार तपाई ऋणीको अन्य चलअचल सम्पत्ति, जायजेथा समेतबाट संस्थाले आफ्नो लेना रकम असुलउपर गरि लिनेछ । उपरोक्त कारवाहीको शिलशिलामा लाग्ने सम्पूर्ण खर्च समेत तपाई ऋणीबाट नै भराई लिईनेछ । तपाई ऋणीबाट सम्पूर्ण रकम असुलउपर नभएको खण्डमा ऋणीको कर्जा रकमको सुरक्षण बापत जमानी बसीदिने व्यक्तिले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला । अन्यथा सोहीअनुसार भै जाने व्यहोरा समेत सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपशिल**

| क्र.सं | ऋणीको तिनपुस्ते विवरण | फोटो | धितोको विवरण |
|---|---|---|---|
| १. | **नाम** : हरिकृष्ण ढुँगेल<br>बाबुको नाम : ज्ञान बहादुर ढुँगेल<br>बाजेको नाम : पदम बहादुर ढुँगेल<br>ना.प्र.प.नं. ८७४<br>जारी मिति : २०३६/११/१०<br>ठेगाना :मनहरी ३, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नामः** गँगादेवी ढुँगेल<br>पतिको नामः हरिकष्ण ढुँगेल<br>बाबुको नामःचन्द्र बहादुर वली<br>ना.प्र.प.नं. ३४७२०<br>जारी मितिः २०५९/१२/१८<br>ठेगाना : मनहरी ३, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नामः** सन्देश डि.सि. ढुँगेल<br>बाबुको नाम : हरिकृष्ण ढुँगेल<br>बाजेको नामः ज्ञान बहादुर ढुँगेल<br>ना.प्र.प.नं :१९/१४७९८<br>जारि मितिः<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>नामः प्रतिक्षा डि.सि.<br>बाबुको नामः हरिकृष्ण ढुँगेल<br>बाजेको नामः ज्ञान बहादुर ढुँगेल<br>ना.प्र.प.नंः ३६/२५९०<br>जारीमिति : २०६२/०५/०७ |  | गँगादेवी ढुँगेलको नाउँमा मालपोत कार्यालय हेटौँडामा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला हटिया गा.वि.स वार्ड नं ३ स्थित कि.नं. १७७८ को क्षेत्रफल ०-९-१७.५-० को जग्गा । |
| २ | **नाम** : मदन प्रसाद बर्तौला<br>बाबुको नाम : चेतनाथ बर्तौला<br>हजुरबुबाको नाम : हिरालाल बर्तौला<br>ना.प्र.प.नं. २३५४३<br>जारी मितिः २०४९।०९।०३<br>ठेगानाः भिमफेदि ९, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिनेः**<br>**नाम** : सन्देश बर्तौला<br>बाबुको नाम : मदन प्रसाद बर्तौला<br>बाजेकोको नाम : चेतनाथ बर्तौला<br>ना.प्र.प.नं. ३१-०१-७७-०१७६१<br>जारी मितिः २०७७/०७/१८<br>ठेगाना : भिमफेदी-९, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिनेः**<br>**नाम** : किशोर बर्तौला<br>बाबुको नाम : बिष्णु प्रसाद बर्तौला<br>बाजेकोको नाम : चेतनाथ बर्तौला<br>ना.प्र.प.नं. ३१-०१-७७-०१७६१<br>जारी मितिः २०७७/०७/१८<br>ठेगानाः हाडीखोला-९, मकवानपुर |  | मदन प्रसाद बर्तौलाको नाउँमा मालपोत कार्यालय हेटौंडा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला बसामाडी गा.वि.स वार्ड नं ३ स्थित कि.नं. ५०६९ को क्षेत्रफल ०-०-११.२५-० (बिघा)को जग्गा । |
| ३ | **नाम** : विजय गुप्ता कानु<br>बाबुको नाम : नवल प्रसाद गुप्ता<br>हजुरबुबाको नाम : अजोधा साह<br>ना.प्र.प.नं. ३३३०५५/६६०<br>जारी मितिः २०६३/१२/०९<br>ठेगानाः हेटौंडा ४, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिनेः**<br>**नाम** : लक्ष्मीदेवी कानु<br>बाबुको नाम : प्रभु शरण साह<br>पतिको नामः विजय गुप्ता कानु<br>ससुराको नाम : नवल प्रसाद गुप्ता<br>ना.प्र.प.नं. ३३१०५५/४६५१<br>जारी मितिः २०७०/०४/०९ |  | लक्ष्मीदेवी कानुको नाउँमा मालपोत कार्यालय हेटौंडा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला पदमपोखरी गा.वि.स वार्ड नं १ स्थित कि.नं. ४१५९ को क्षेत्रफल ०-०-११-० (बिघा) र मकवानपुर जिल्ला पदमपोखरी गा.वि.स वार्ड नं ४ स्थित कि.नं. २७२१ को क्षेत्रफल ०-०-८-० (बिघा) को जग्गा । |
| ४ | **नाम** : सचिन लामा<br>बाबुको नाम : बलराम बज्यु<br>हजुरबुबाको नाम : जमान सिं बज्यु<br>ना.प्र.प.नं. ३११०१५/७६५५७<br>जारी मिति : २०६७/०७/२४<br>ठेगाना : हेटौंडा-१५, मकवानपुर<br>(साविक चरियामाई-३, मकवानपुर)<br>**व्यक्तिगत मञ्जुरी दिनेः**<br>**नाम** : कमला लामिछाने<br>बाबुको नाम : हरिराम लामिछाने<br>पतिको नामः सचिन लामा<br>ससुराको नाम : बलराम बज्यु<br>ना.प्र.प.नं. २७१०२८/८९५१८<br>जारी मितिः २०६८/०९/१९<br>नाम : हरि बहादुर गोपाली<br>बाबुको नाम : सुर्य बहादुर गोपाली<br>हजुरबुबाको नाम : शक्तविर गोपाली<br>ना.प्र.प.नं. १३३२<br>जारी मितिः २०४५/०१/११ |  | सचिन लामाको नाउँमा मालपोत कार्यालय हेटौंडा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला पदमपोखरी गा.वि.स वार्ड नं १ स्थित कि.नं. ३०३२ को क्षेत्रफल ०-०-१०-० (बिघा)को जग्गा । |
| ५ | नाम : सनिल लामा रुम्बा<br>बाबुको नाम : इश्वर कुमार रुम्बा<br>हजुरबुबाको नामः हर्क बहादुर लामा<br>ना.प्र.प.नं. ३१-०१-७१-०९८९१<br>जारी मितिः २०७१/१०/१८<br>ठेगानाः राक्सिराङ्ग-१, मकवानपुर<br>(हाल हेटौंडा-३ बसामाडी,<br>मकवानपुर)<br>**व्यक्तिगत मञ्जुरी दिनेः**<br>नाम : धनलक्ष्मी गोले<br>बाबुको नाम : प्रेम बहादुर गोले<br>हजुरबुबाको नामः वकविर गोले<br>ना.प्र.प.नं. २७०<br>जारी मितिः २०४६/०२/१२<br>ठेगानाः सरिखेत २, मकवानपुर |  | धनलक्ष्मी गोलेको नाउँमा मालपोत कार्यालय हेटौँडामा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला बसामाडी गा.वि.स वार्ड नं ५ स्थित कि.नं. ४३७४ को क्षेत्रफल ०-०-८.७५-० को जग्गा । |
| ६ | नाम : जिवनतिमल्सिना<br>बाबुको नाम : नवराजशर्मा<br>बाजेको नाम : हिरामणी शर्मा<br>ना.प्र.प.नं. २४।४३९<br>जारी मितिः २०५६।०६।१७<br>ठेगानाः: हेटौंडा ९, मकवानपुर<br>व्यक्तिगतमञ्जुरी दिनेः<br>नाम : नवराजशर्मा<br>बाबुको नाम : हिरामणी शर्मा<br>हजुरबुबाको नाम : ज्योति कृष्ण शर्मा<br>ना.प्र.प.नं. ६९४<br>जारी मितिः २०३३/०१/१३<br>ठेगानाः: हेटौंडा ९, मकवानपुर |  | नवराज शर्माको नाउँमा मालपोत कार्यालय हेटौँडामा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला हेटौडा गा.वि.स वार्ड नं ९ स्थित कि.नं.१०७३३ को क्षेत्रफल ०-०-१०-० को जग्गा । |

**सम्पर्कः**

**पालुङ्ग बहुउद्धेश्यीय सहकारी संस्था लिमिटेड को**
**प्रधान कार्यालय, थाहानगरपालिका वडा नं ४, थानाबजार, मकवानपुर**
**फोन नंः ०५७-४००००५, ०५७-४००००६, ५२३९४६**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपानेद्वारा** प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना